जङ्गली च्याउहरू विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं । खेती गरेर उमारेका च्याउ खाने गरौं । जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन २७ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 12 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४३

## मल सहज, सिंचाइ अभावले धानखेती प्रभावित

प्रस, वीरगंज, २६ साउन/

पर्सा जिल्लामा सिंचाइको कारण धान रोपाइँ प्रभावित भएको छ । यसअघिका वर्षहरूमा मल अभावमा धानलगायतका बालीहरू प्रभावित हुँदै आएका थिए । यसपटक भने मलको अभाव नभएको तर समयमा सिंचाइ सुविधा नहुँदा धान रोपाइँ अहिलेसम्म पूरा हुन सकेको छैन ।


तस्वीरः प्रतीक

कृषि ज्ञान केन्द्र, पर्साका बाली अधिकृत सुरेश चौरसियाले वर्षा भएसँगै अहिले तीव्र गतिमा रोपाइँ भइरहेको र एक सातामा पर्सा जिल्लामा धान रोपाइँ सकिने बताए । उनले सिंचाइ सुविधा भएको पर्साको गण्डक नहरदेखि उत्तरी क्षेत्र थारुवानमा यसअघि नै रोपाइँ भइसकेको तर नहरदेखि दक्षिण बझियानमा भने पर्याप्त वर्षापछि रोपाइँले गति लिएको बताए ।

थारुवान क्षेत्रमा सिंचाइको रूपमा कुलो, डीप बोरिङ रहेका र यसपटक गण्डक नहरमा पानी ढिलो आएको र वर्षा पनि ढिलो भएपछि यस क्षेत्रका किसानहरूले वैकल्पिक सिंचाइको प्रयोगबाट धानको बीउ छर्ने, र धान रोपाइँ कार्य सम्पन्न गरेका थिए।

बझियानका किसानहरूलाई भने सिंचाइको एक विकल्प वर्षा समयमा नहुँदा धानको बीउ छर्न र रोपाइँ गर्न समस्या भएको थियो । गण्डक नहरमा असार १५ सम्म भारत सरकारले पानी नदिएको र बझियान क्षेत्रमा सिंचाइका अन्य विकल्प डीप बोरिङ, कुलो आदिको व्यवस्था नहुँदा थोरै सङ्ख्यामा किसानहरूले धान रोपाइँ गरेका थिए ।

सिंचाइको समस्याका कारण यसपटक जिल्लाको धानखेती प्रभावित हुने देखिएको छ । अहिले मलको खासै समस्या नरहेको किसानहरूले बताएका छन्। शुक्रवार सखुवाप्रसौनीमा सहकारीमार्फत किसानहरूले सहजरूपमा मल पाएको बताए ।

यसैगरी, कृषि सामग्री कम्पनी, वीरगंजमा मलको मौज्दात रहेको र थप मल देशभरिका लागि ३० हजार मेट्रिक टन भारत भएर आउने क्रममा रहेको कम्पनीले जनाएको छ। कम्पनीले डिएपी छ सय मेटन, पोटास सात मेटन र युरिया नौ सय मेटन मौज्दात रहेको जानकारी गराएको छ । धानखेतीमा रोपाइँको २१ दिनपछि मलको आवश्यकता पर्छ। एक बालीमा दुईदेखि तीनपटकसम्म मलको प्रयोग हुने गरेको किसानहरू बताउँछन् ।

## १२ जना बालकको उद्धार, तीनजना पक्राउ

नितेश कर्ण, वीरगंज, २६ साउन/

मानव तस्करीविरोधी एकाइ क्षेत्रीय एकाइ बेतियाका इन्स्पेक्टर मनोज शमा नेतृत्वको टोलीले लखनउको एउटा मदरसाबाट १८ जना बालकको उद्धार गरेको छ भने तीनजनालाई पक्राउ गरेको छ ।


उद्धार गरिएका बालकरू । तस्वीरः प्रतीक

लखनउबाट पहिला छजना बालकको उद्धार गरिएको थियो र एकजनालाई पक्राउ गरिएको इन्स्पेक्टर शर्माले बताए। राष्ट्रिय बाल संरक्षण आयोग, नयाँ दिल्लीकी सदस्य डा सुचिता चतुर्वेदी, उत्तरप्रदेश राज्य बाल संरक्षण आयोग, लखनउकी सङ्गीता शर्माको संलग्नतामा पक्राउ परेका एकजनासँग सोधपूछ गर्दा लखनउको सदरौनामा बनेको मदरसामा थप १२ जना बालक रहेको सूचना पाएपछि सो स्थानमा छापा मारी १२ जना बालबालिकाको उद्धार गरिनुका साथै सो स्थानबाट दुईजनालाई पक्राउ गरिएको थियो ।

छापामारीको क्रममा मदरसा अवैधरूपमा सञ्चालित रहेको र त्यहाँ बालकहरूलाई उर्दू पढाउने नाममा कपडा ब्याग बनाउने कार्यमा खटाएको पाइएको इन्स्पेक्टर शर्माले बताए । मदरसा कानूनीरूपमा दर्ता नरहेको, उर्दूको अध्ययन नहुने र त्यहाँका बालबालिकाहरूको बसाइ पनि राम्रो नभएको उनले बताए । उर्दू अध्ययनका लागि लगिएका बालकहरूसँग श्रम शोषणका काम भएको पाइएपछि उनीहरूको सफल उद्धार गरेर संलग्न तीन व्यक्तिलाई नियन्त्रणमा लिएको उनले जानकारी गराए ।

इन्स्पेक्टर शर्माले छजना बालकलाई शुरूमा मोतिहारीमा रोकिएको र बाल कल्याण समिति, मोतिहारीको जिम्मा नलगाएर बालकलाई उर्दू पढाउन लग्ने व्यक्तिकै जिम्मामा छाडिएको बताए। पछि आफूसहितको टोलीले उनीहरूलाई लखनउको बसबाट उद्धार गरेको इन्स्पेक्टर शर्माले बताए । यो मिसनमा मानव तस्करविरोधी एकाइ, एसएसबी बिहारका वीरेन्द्रकुमार सिंह, मुक्ति फाउन्डेशन, नयाँ दिल्लीकी सङ्गीता शर्मा, चाइल्ड लाइन लखनउका ग्याँसुद्दीन खाँ र अल्पसङ्ख्यक विभाग लखनउका श्याम त्रिपाठीलगायतको संलग्नता थियो।

## पर्सामा गत वर्षको तुलना सर्पदंशका घटनामा वृद्धि

ओमप्रकाश चौधरी, सेढवा, २६ साउन/

पर्साको ग्रामीण भेगमा सर्पको टोकाइबाट घाइते हुनेको सङ्ख्या बढ्दो छ । लामो समयदेखि अत्यधिक गर्मी भएको र हाल पानी परिरहेका कारण सर्प निस्किने र टोक्ने घटनामा वृद्धि भएको स्थानीयले बताए । अहिले पानी पर्ने अनि सँगै चर्को घाम पनि हुने गरेको बखत हावा नचलेर उकुसमुकुस हुँदा सर्पहरू बिल बाहिर आउने गरेको र उनीहरूको टोकाइबाट मानिसहरू घाइते हुने क्रम बढेको स्थानीय बताउँछन् । सर्पदंशका घटनामा वृद्धि भएसँगै ठोरी गाउँपालिका-४ मा स्थापना भएको सर्पदंश उपचार केन्द्रको सेवा प्रभावकारी हुने गरेको छ ।

सो केन्द्रले जनाए अनुसार वैशाखदेखि हालसम्म चार महीनामा ५२ जना महिला र ३० जना पुरुष सर्पको टोकाइबाट घाइते भएका थिए । उनीहरू सबैजना उपचारपछि सकुशल घर फर्किसकेका केन्द्रले जनाएको छ। ८२ जनामध्ये १५ जनालाई विषालु सर्पले टोकेको सर्पदंश उपचार केन्द्रले जनाएको छ । केन्द्रको तथ्याङ्क अनुसार गत वर्षको तुलनामा यो वर्ष सर्पदंशका घटनामा ५० प्रतिशत वृद्धि भएको छ। सर्पदंशबाट पीडित हुनेहरूमा भने अधिकांश बिरामी जीराभवानी गाउँपालिकाको रहेका केन्द्रले जनाएको छ। जीराभवानीपछि जगरनाथपुर, ठोरी


ठोरीमा रहेको सर्पदंश उपचार केन्द्र । तस्वीरः प्रतीक

तथा पटेर्वासुगौली गाउँपालिकाका बिरामी रहेको केन्द्रको तथ्याङ्कबाट देखिन्छ । केन्द्रमा छिटपुटरूपमा चितवन र वीरगंजका बिरामीहरूले पनि सेवा लिएका छन् ।

उपचार केन्द्र ठोरी गापा-४ स्थित नेपाली सेनाको सिद्धिबक्स गण निर्मलबस्ती पानीटङ्कीमा २०७६ फागुन २४ गतेबाट सेवा सुचारु भएको थियो । यो केन्द्रबाट हालसम्म ५५८ जनाले सेवा लिएका छन् । गत वर्ष सेढवाका मात्र नौजना सर्पदंशका शिकार भएका थिए भने एकजनाको मृत्यु भएको जीराभवानी गापा-२ का प्रदीपदास थारूले बताए । केन्द्रमा सर्पदंशका साथै अरिङ्गाल, बिज्छु र खजुराले टोकेर विष लागेका बिरामीहरूको पनि निश्शुल्क उपचार गर्दै आएको केन्द्रका संस्थापक अध्यक्ष मानबहादुर श्रेष्ठले बताए । निश्शुल्क सञ्चालित केन्द्रको व्यवस्थापनमा ठोरी गापामा रहेको सयपत्री बचत तथा ऋण सहकारी संस्था विजयबस्तीलगायतका सङ्घ/संस्थाहरूको सहयोग रहेको अध्यक्ष श्रेष्ठले बताए । उनले गापाले पनि औषधिलगायतको सहयोग गर्दै आएको जानकारी गराए । यो केन्द्रमा सर्पदंशविरुद्धका सुई हेटौंडाबाट निश्शुल्क ल्याउने गरिएको उनले बताए । सर्पदंशविरुद्धको उपचार केन्द्र पर्सा जिल्लामा मात्र यही एउटा हो। काठ र टिनको छानोमा बर्सेनि मर्मत सम्भार हुँदै सञ्चालनमा आएको यो केन्द्रको भवन पक्की बनाउनका लागि सङ्घ र प्रदेश सरकारसँग बजेट माग गरिएको अध्यक्ष श्रेष्ठले बताए ।

## ९० वर्षीय बुबाको हत्या आरोपमा ६० वर्षीय छोरा पक्राउ

प्रस, वीरगंज, २६ साउन/

जीतपुरसिमरा उपमहानगरपालिका-१६ टाङ्गियावस्ती निवासी ९० वर्षिय माइतसिंह घलानको हत्या आरोपमा बारा प्रहरीले निजका ६० वर्षिय छोरा दिलबहादुर घलानलाई पक्राउ गरेको छ ।


बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक दधिराम न्यौपानेले शुक्रवार पौने एकबजे ९० वर्षिय घलानको हत्या भएको सुचना आएको र इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरिक्षक घनश्याम श्रेष्ठ नेतृत्वको टोली गएर घटनास्थलमा बुझ्दा प्रारम्भिक अनुसन्धानमा घरायसी विवादका कारण बृद्ध घलानको हत्या भएको थाहा भएपछि अनुसन्धानका लागि ६० वर्षिय छोरा दिलबहादुर घलानलाई नियन्त्रणमा लिएको बताए । उनले घटनाबारेमा थप अनुसन्धान भैरहेका र यथार्थ जानकारी प्राप्त भएपछि मिडियालाई जानकारी गराउने बताए ।

## निजी विद्यालयहरूको आन्दोलन फिर्ता

प्रस, वीरगंज, २६ साउन/

निजी विद्यालयका सञ्चालकहरूको संस्थाले आफ्नो आन्दोलनका थप कार्यक्रमहरू फिर्ता लिएका छन् । शुक्रवार प्रधानमन्त्री पुष्पकमल दाहालसहित उपप्रधानमन्त्री, मन्त्री र सरकारका मुख्यसचिव, सचिवहरूसँगको बैठकमा सहमति भएसँगै यही साउन २८ गते आइतवारदेखि घोषणा गरिएको अनिश्चिकालीन निजी विद्यालय बन्द कार्यक्रम फिर्ता लिएको प्याब्सन, हिसान र एनप्याब्सनले संयुक्त विज्ञप्ति जारी गरी जानकारी गराएका छन् ।

प्याब्सनका अध्यक्ष डिके ढुङ्गाना, हिसानका अध्यक्ष रमेश सिलवाल र एनप्याब्सनका अध्यक्ष पाण्डव हमालले सरकारसँगको वार्तापछि विज्ञप्ति जारी गर्दै आजपछिका सबै घोषित आन्दोलनका


संयुक्त प्रेस विज्ञप्ति ।

कार्यक्रमहरू स्थगित गरिएको बताएका छन् । विज्ञप्तिमा सरकारी पक्षाबाट आन्दोलनरत पक्षका मागहरू सम्बोधन गरिने आश्वासन पाएपछि आन्दोलन स्थगित गरिएको उल्लेख छ । सरकारको मन्त्रिपरिषद्ले शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक-२०८० पारित गरेको विरोधमा निजी विद्यालयहरूको छाता सङ्गठन प्याबसन, हिसान र एन-प्याबसन आन्दोलित भएका थिए ।

यो विधेयक अनुसार निजी विद्यालयहरू कम्पनीबाट निजी गुठीतर्फ पाँच वर्षभित्रमा जानुपर्ने प्रावधान थियो। सरकारले निजी विद्यालयहरूलाई कम्पनीमा दर्ता गरेपछि यो क्षेत्रमा ठूलो लगानी भएको र निजी गुठीमा जानुपर्ने सरकारी प्रावधान लागू हुँदा लगानी प्रभावित हुनका साथै निजी क्षेत्रका विद्यालयहरू तहसनहस हुने भन्दै निजी विद्यालय सञ्चालकहरू विरोधमा उत्रिएका हुन् ।

## पर्सा नेकामा विशेष आन्तरिक अभियान

प्रस, वीरगंज, २६ साउन/

नेपाली काङ्ग्रेसको विशेष आन्तरिक अभियान अन्तर्गत क्षेत्रीय कार्यसमिति क्षेत्र नं १ पर्साको बैठक शुक्रवार सम्पन्न भएको छ । नेकाको साङ्गठनिक सुदृढीकरणका लागि साउन २० देखि ३० गतेसम्म विशेष आन्तरिक अभियान सञ्चालनका लागि केन्द्रीय परिपत्र अनुसार आज क्षेत्रीय समिति क्षेत्र नं १ मा बैठक भएको हो ।




बैठकमा उपसभापति रामनारायण कुर्मीले केही व्यक्तिका कारण नेकाका उम्मेदवारहरू धेरै ठाउँमा हारेको भन्दै त्यस्तालाई कारबाही हुनुपर्ने र पार्टीबाट निकाल्नुपर्ने बताए । उनले कारबाही प्रक्रिया पनि पार्टी सुदृढीकरणको एउटा पाटो भएको बताए।

नेका पर्साका सचिव एवं उपप्रमुख

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**असफलताबाट नडराऊ । असफल होइन्छ भन्ने डरले कोशिश नै नगर्ने सोचसँग डराऊ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# समयमा सम्पन्न गरौं

**काठमाडौं–निजगढ द्रुतमार्ग निर्माणको गति निकै सुस्त देखियो । आगामी २०८३ चैत मसान्तसम्ममा पूरा गर्ने लक्ष्य लिइएको यस आयोजना शुरू भएयताको हालसम्म अर्थात् आव २०७९/८० सम्मको भौतिक प्रगति २५ दशमलव ५४ र वित्तीय प्रगति २८ दशमलव ११ रहेको मात्रै छ । रक्षा मन्त्रालय र मातहतका निकायको आव २०७९/८० को चौथो त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा बैठकमा सेनाको सडक निर्माण कार्यदलले प्रस्तुत गरेको प्रतिवेदनमा सो कुरा उल्लेख छ । लक्ष्य अनुसार यस अवधिमा भौतिक प्रगति ३२ दशमलव छ र वित्तीय प्रगति ८३ दशमलव दुई हुनुपर्ने हो । आर्थिक वर्ष २०६४/६५ मा शुरू भएको यो योजना सरकारले २०७४ वैशाख २१ गते नेपाली सेनालाई जिम्मा दिएको हो । चार वर्षभित्र सम्पूर्ण काम सक्ने गरी जिम्मेवारी पाएको सेनाले २०७८ वैशाखसम्म योजना सम्पन्न गरिसक्नुपर्ने थियो । तर सो अवधिसम्म आइपुग्दा उक्त आयोजनाको भौतिक १६.९० प्रतिशत र वित्तीयतर्फ १५.३१ प्रतिशत मात्रै रहेको महालेखापरीक्षक कार्यालयको प्रतिवेदनमा उल्लेख छ । यसैबीच कोभिड–१९ महामारीका कारण मुलुकको विकास निर्माण कार्यमा बाधा पर्‍यो ।**

**कोभिडबाहेक पनि द्रुतमार्ग निर्माण विलम्ब हुनुका अन्य धेरै कारण छन् । यो मार्गमा सबैभन्दा पेचिलो समस्या ललितपुरस्थित खोकनाको जग्गाप्राप्ति सम्बन्धमा थियो । बाहिरी चक्रपथ, बाग्मती करिडोर, कुलेखानी १३२ केभिए प्रसारण लाइन, स्याफ्रुबेंसी–ठोरी सडकलगायतले यहाँ निजी जमीन मासिँदै गएको भन्दै स्थानीय बासिन्दा विरोधमा थिए । त्यसैगरी, ऐतिहासिक सम्पदा सिकाली मन्दिर र कोदेश क्षेत्रलाई समेत क्षति पुर्‍याउने भएपछि खोकनावासी सडकमा उत्रिए । यसो हुँदा सिकाली मन्दिरसँगै कोदेश क्षेत्रलाई संरक्षण गर्ने गरी नयाँ नक्शा तयार हुन समय लाग्यो । शुरूमा त आयोजनाको विस्तृत परियोजना प्रतिवेदन डिपिआर पास गर्नकै लागि सरकारले झन्डै डेढ वर्ष लगाएको थियो । नेपाली सेनाले २०६९ सालमैं द्रुतमार्गको ट्र्याक खोलेको थियो । तर यो आयोजना बनाउने जिम्मा भारतलाई दिने कि आफ्नै लगानीमा बनाउने भनेर सरकारले निर्णय नै गरेन । यसले पनि निकै समय बर्बाद भयो । त्यसैगरी आयोजनाबारे अदालतमा परेको मुद्दा प्रक्रियाले समय लियो ।**

**कोभिडको कारण आयोजना विलम्ब भएको भन्दै सरकारले पहिलोपटक म्याद थप गरी आव २०८०/८१ सम्म समयसीमा बढाएको थियो । थपिएको समयमा पनि योजना सम्पन्न नहुने देखिएपछि पुनः म्याद थप गर्दा २०८३ सालसम्म सम्पन्न गरिसक्नुपर्ने भएको छ । राष्ट्रिय गौरवको यस आयोजना ७२.५ किलोमिटर सडक निर्माण गर्न सुरुआतमा एक खर्ब ७५ अर्ब लगानी लाग्ने अनुमान गरिएको भएपनि विलम्ब हुँदै जाँदा लगानी पनि वृद्धि भइरहेको छ । पछिल्लो निर्धारित मितिमा निर्माण सम्पन्न भएमा लागत बढेर दुई खर्ब १३ अर्ब पुगेको छ । द्रुतमार्ग योजना निर्माण विलम्ब हुँदा महँगीको अनुपातमा लागत बढ्दै जानु त छँदैछ, यसबाट पाउने प्रतिफलबाट पनि मुलुक धेरैपछि परेको हुन्छ । यो मार्गले तराई/मधेसका साथै मुलुकको आर्थिक उन्नतिमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ । द्रुतमार्गले छोएका स्थानीय बासिन्दाको सकारात्मक सहयोग जरुरी छ भने नीतिगत निर्णयहरूमा सङ्घ सरकारको तदारूकता अपरिहार्य छ । यस योजनासँग नेपाली सेनाको प्रतिष्ठा जोडिएको हुनाले सरकारी आदेशको पखाईभन्दा आफ्नो क्रियाशीलतालाई उसले प्राथमिकता दिनु जरुरी छ ।**

# शिक्षा विधेयक २०८० सस्तो लोकप्रियता

स्वतन्त्र विचार



**बैधनाथ श्रमजीवी**

baidhnath2071@gmail.com

**अङ्ग्रेजको पनि इच्छा थियो, कहिल्यै पनि भारत नछोड्ने । राणाको इच्छा थियो, कहिले पनि नेपालको सत्ता नछोड्ने । शाहवंशका राजाहरूको इच्छा थियो, कहिले पनि नेपालको राजगद्दी नछोड्ने । तर अफसोच तिनीहरूमध्ये कोही पनि अहिले आफ्नो ठाउँमा छैनन् ।**

नेपाली शिक्षा नीति अव्यावहारिक भयो भनेर निकै लामो समयदेखि नेपालमा बहस हुँदै आएको छ । तर कहिले पनि व्यावहारिक शिक्षा नीति के हो ? त्यो आजसम्म सरोकारवाला वा सरकारबाट तर्जुमा गरेको योजना कसैले देख्न पाएको छैन । जसरी नेपालमा राजनीतिक दल र नेताहरूले विकासको बारेमा थोत्रो बासी भाषण मात्रै दिएर जनतालाई आजसम्म ढाँट्न सफल भएका छन्, त्यसैगरी शिक्षाको बारेमा पनि केवल भाषणमैं सीमित रहेका देखिन्छन् । कुनै पनि व्यावहारिक योजना कहिले पनि बनाएर लागू गरिएको देखिंदैन । बरु जुन चीजको अनुसन्धान गर्न विदेशी दाता राष्ट्रहरूले रकम लगानी गर्छन्, त्यस प्रकारको शिक्षा नीति नेपालमा जहिले पनि सरकारले तुरुन्त लागू गर्छ तर त्यसबाट केवल विदेशी दाता राष्ट्रको प्रयोग र परीक्षण स्थलको रूपमा नेपाली शैक्षिक क्षेत्र रहँदै आएको सजिलै देख्न सकिन्छ । चाहे त्यो २०२८ सालको नयाँ शिक्षा योजना होस् अथवा उच्च शिक्षामा सेमेस्टर प्रणाली होस् । यिनीहरू कुनै पनि नेपाली माटोमा हुर्किने र नेपाली समाजको आवश्यकता अनुसारका थिएनन् । फलस्वरूप सबै शिक्षानीतिहरू असफल हुँदै गए ।

यतिबेला प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वर्तमान शिक्षा नीतिमा परिवर्तन आवश्यक रहेको बताइरहँदा तिनै पुरानो शिक्षा नीति सबैले सम्झिन बाध्य भएका छन् । गएको शनिवार काठमाडौंमा भएको एक कार्यक्रममा प्रम प्रचण्डले युग सुहाउँदो शिक्षा नीति चाहिने कुरा राखेका थिए । सोही क्रममा उनले अबको शिक्षा नीति सरकारले सबै वर्ग र क्षेत्रको विकास गर्ने उद्देश्य भएको हुनुपर्ने बताएका थिए । त्यसको लागि बजेटमा शिक्षाको लागि अर्ब बढी रकम छुट्याउनुपर्ने कुरातर्फ ध्यान दिनु जरुरी छ । देशको समृद्धि र विकासको अभियानलाई शिक्षामा गरिने लगानीले ठूलो अर्थ राख्ने कुरा निश्चित छ ।

यतिबेला हाम्रो देशमा दुई प्रकारका शिक्षालयको व्यवस्था छ । एउटा सामुदायिक शिक्षा अर्को संस्थागत शिक्षा अर्थात् सरकारी र निजी विद्यालय । यी दुवै प्रकारका शिक्षालयमा पठनपाठन एकै प्रकारका हुँदैनन् । जहाँसम्म सरकारी विद्यालयको कुरा छ, त्यसको गुणस्तर निरन्तर ओरालो लागिरहेको छ । त्यहीं निजी विद्यालयहरू अभिभावकहरूलाई कम्मर भाँचिने गरी आर्थिकरूपमा लुटिरहेका देखिन्छन् । राम्रो शिक्षाको नाउँमा निजी विद्यालयमा ब्रह्मलुट छ । यस प्रकारको लुटको कुनै सीमा छैन । एउटा नर्सरीमा पढ्ने विद्यार्थीसँग एक लाखभन्दा बढी महीनाको शुल्क लिने विद्यालय पनि सञ्चालनमा छन् । त्यो पनि प्रधानमन्त्रीको परिवारको व्यक्तिले सञ्चालन गरेको विद्यालयमा । यस प्रकार नेपाली समाजमा एकै प्रकारको शिक्षालय देखिंदैन । कुलीन वर्गहरूको लागि महँगो शिक्षा छ भने सर्वसाधारण गरीब वर्गको लागि सरकारी विद्यालय देखिन्छ । जहाँ पठनपाठनको लागि भौतिक सुविधाको समेत अभाव देखिन्छ । न्यून शैक्षिक सामग्री, अपुग कक्षाकोठा, खेलकूद मैदान नहुने, प्राविधिक ल्याब, कम्प्युटर, विषयगत शिक्षकको अभाव, दरबन्दीको अभावलगायत थुप्रै समस्याले सामुदायिक विद्यालयहरू निसासिएको अवस्थामा चलिरहेका छन् । यता यस्तो अवस्थामा निजी विद्यालयहरू गुणस्तरीय शिक्षाको नाउँमा लुट मच्चाउँदै मुनाफा कमाउने कारखानाको रूपमा सञ्चालित छन् । वास्तवमा निजी विद्यालयमा राजनीतिमा पहुँच भएका शैक्षिक माफियाहरू तथा सरकारी ठूला पदका कर्मचारीहरू, नेता तथा तिनका परिवारजन र तिनका नातागोता, तस्करहरू तथा भ्रष्टाचारीहरूको ठूलो लगानी रहेको देखिन्छ । यस्तो अवस्थामा वर्तमान सरकारले निजी विद्यालयहरूलाई पाँच वर्षभित्रमा गुठीभित्र समावेश गरी दायित्व फरफारक गर्ने विधेयक मन्त्रिपरिषद्बाट पास गरेको समाचारले निजी विद्यालय सञ्चालकहरूमाझ दश रेक्टर स्केलको भुइँचालो गएको छ र उनीहरूले सशक्त आन्दोलन गर्ने धम्की दिइरहेका छन् । जबकि हामी सबैलाई थाहा नै छ निजी विद्यालयहरू कतिसम्म बदमाशी गर्छन् भने एउटै विद्यार्थीसँग कक्षा १ देखि १० सम्म कक्षा उचाल्दै गर्दा प्रत्यकचोटि अदालती निर्णयको बावजूद पनि त्यसको विरोधमा भर्नालगायतका विभिन्न शुल्कका नाउँमा हजारौं रुपैयाँ अभिभावकसँग लुट्ने गरेका देखिन्छन् ।

सरकारले ल्याउन लागेको सङ्घीय शिक्षा ऐन २०८० विरुद्ध निजी तथा आवासीय विद्यालयका सञ्चालकहरूले विरोध प्रदर्शन गरेका छन् । शिक्षा विधेयक नआउँदै निजी विद्यालयलाई सरकारले नियन्त्रण गर्न खोजेको भन्दै उनीहरूले बिहीवार माइतीघरमण्डला, काठमाडौंमा प्रदर्शन गरे । उनीहरू भन्दैछन्– आफूहरूलाई सरकारले सडकमा उत्रिन बाध्य पारेको छ र हामीहरू आन्दोलनकारी वा प्रदर्शनकारी होइनौं । सरकारले बाध्य गराएर सडकमा बोलायो र आयौं ।

उनीहरूको विचारमा उच्च शिक्षालाई ध्वस्त बनाएजस्तै निजी विद्यालयहरूसमेत बन्द गर्न लागेको भन्दै यो आन्दोलनलाई निर्णायक बनाएरै छाड्ने चेतावनीसमेत दिएका छन् । सो अवसरमा एन–प्याब्सनका अध्यक्ष पाण्डव हमालले यो शिक्षा ऐन कसका लागि आएको भन्दै प्रश्न गरे ? उनले भने, "२०६२/६३ को आन्दोलन होस् वा अन्य आन्दोलन शिक्षा क्षेत्रका साथीहरूको महत्त्वपूर्ण भूमिका छ । त्यो भूमिकालाई सरकारले नजरअन्दाज गर्दैछ ।" त्यसैगरी, हिसानका अध्यक्ष रमेश सिलवालले सरकारले ल्याएको प्रस्तावित शिक्षा ऐन शिक्षामैत्री नभएको बताए । उनले भने, "सरकारको प्रस्तावित शिक्षा ऐन शिक्षामैत्री भएन । विशेषगरी निजीमैत्री भएन ।" उनले सरकारले ल्याउने विधेयक अभिभावक, शिक्षक, विद्यार्थी र निजीमैत्री हुनुपर्नेमा जोड दिए । उनले राजा–महाराजालाई समेत नछोडेको भन्दै आफ्ना माग पूरा नभए कुनै पनि हालतमा नछोड्ने चेतावनी दिए । प्याब्सनका अध्यक्ष डिके ढुङ्गानाले शिक्षा नीति सामुदायिक वा निजी विद्यालयलाई सम्बोधन गर्ने खालको नभएको बताए । उनले सरकारले ल्याउन लागेको प्रस्तावित शिक्षा विधेयक सच्याउनुपर्नेमा जोड दिए ।

हाम्रो समाज वर्गीय समाज हो । यो समाजमा कुनै पनि काम कुराको निर्णय गर्दा त्यसबाट एउटा वर्ग खुशी हुने र अर्को वर्ग दुःखी हुने स्वाभाविक नै हो । यसमा चिन्ता वा आश्चर्य मान्नुपर्नेछैन । यो स्वाभाविक हो । हाम्रो संविधानमा समाजवादतर्फ उन्मुख भन्ने एउटा वाक्य पनि लेखिएको छ । निजी कुराहरू नभत्काएसम्म समाजवाद उन्मुख हुन सकिंदैन । यो सबैले बुझेकै कुरा हो । यदि साँच्चै नै नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा (एकीकृत समाजवादी), नेकपा (माओवादी केन्द्र)लगायत संसद्भित्र भएका सबै दलको मनसाय समाजवादको दिशामा अगाडि बढ्ने हो भने ढिलोचाँडो नेपालका सबै निजी क्षेत्रलाई सामुदायिकमा रूपान्तरण गर्न जरुरी छ । यति सामान्य कुरा पनि किन हामीले बुझ्न नखोजेको ? सरकारको आँखामा धूलो छरेर अभिभावकलाई झन्डै चार दशकदेखि लुट्दै आएको र लुटको शैक्षिक साम्राज्य डुब्ने सङ्केत देखिएपछि संस्थागत विद्यालयका सञ्चालकहरू यतिबेला अत्तालिएर, उम्लिएर सडकमा पोखिएका हुन् ।

### के साँच्चै सरकारले निजी विद्यालयहरूलाई गुठीमा लैजान्छ ?

हामी सबैलाई थाहा छ, यो सरकार दलाल पूँजीवादी सरकार हो । यो सरकारमा भएका तथाकथित जनप्रतिनिधिहरू वास्तवमा पूँजीवादका दलालहरू हुन् । अन्तर्राष्ट्रियरूपमा हाबी हुँदै गएको बहुराष्ट्रिय दलाल पूँजीपतिहरूको कब्जामा रहेको हाम्रो सरकारले कुनै पनि हालतमा नेपालका निजी क्षेत्रलाई सामुदायिकीकरण गर्नै सक्दैन । यो सरकारले निजीकरणलाई सामुदायिकीकरण गर्ने भए समुदायले सञ्चालन गरेका यति विघन कलकारखानाहरू किन बन्द गर्थ्यो ? के कारणले वीरगंज चिनी कारखाना सञ्चालन हुन सकिरहेको छैन ? के कारणले जनकपुर चुरोट कारखाना सञ्चालन भएन ? के कारणले हेटौंडा औद्योगिक क्षेत्रमा कपडा उत्पादन भइरहेको छैन ? किन बन्द भए सबै सामुदायिक कारखानाहरू ? निजीकरणकै कारणले होइन ? यो हामीले बिर्सिनुहुँदैन ।

वास्तविकता के हो भने संसद्वादी दलहरूले नेकपा माओवादीसँग मिलेर ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र दलाल पूँजीपतिले कब्जा मात्रै गरेनन् बरु संसद्वादमा लागेका सबै पार्टीका मुख्य नेताहरूलाई समेत दलाल बनाउन सफल भएका छन् । हाम्रो तीनै दलाल नेताहरूले संसारकै सबैभन्दा उत्कृष्ट भन्दै आएको वर्तमान संविधान र वर्तमानको व्यवस्थाले यतिबेला नेपाली समाजको आधारभूत समस्याको समाधान गर्न सकेन । नेपालीहरूलाई नेपालमैं रोजगार दिन सकेन । झन्डै ८० लाख नेपालीको हातमा राहदानी दिएर अरबको तातो मरुभूमिमा मर्न पठाएको छ । यस्तो खराब व्यवस्था देशमा कायम गरेर हाम्रो देशका जनप्रतिनिधि भनिने यी दलाल नेताहरू झन्डा फरफराएर काठमाडौंमा दरबार खडा गरेर मोजमस्तीका साथ कमिशन र भ्रष्टाचारमा डुबेर खुशियाली जीवन बाँचिरहेका छन् । अनि यस्तो अवस्थामा यिनीहरूले निजी सम्पत्ति समाप्त गर्छन् त ? कदापि गर्न सक्दैनन् ।

यो त अहिले किन यस्तो गरेको हो भने वर्तमान व्यवस्थाप्रति बढ्दै गएको जनआक्रोश र नेताहरूप्रति बढ्दै गएको जनघृणालाई थोरै भएपनि आशा र उत्साह जन्माउनका लागि यति धेरै प्रपञ्च गरेको छ । तपाई हामीले के बिर्सिनुहुँदैन भने भर्खरै मिटरब्याजीपीडित नागरिकहरूको टाउको यही सरकारले फुटाएको थियो र साहूको पक्षमा विधेयक पास गरेको छ । लघुवित्तबाट पीडितहरूलाई बीच सडकमैं निर्मम ढङ्गले चुटेको छ । यो देशका आदिवासी, जनजाति, महिला, मधेसीहरूले पहिचान खोज्दा यही सरकारले रक्ताम्य बनाएको देख्दादेख्दै यो सरकारले समाजवाद ल्याउँला भन्ने कुरा कहिल्यै ठान्नुहुन्न । बरु वास्तविकता के हो भने कुनै पनि हालतमा यो सरकारले दशकौंसम्म यही व्यवस्थालाई टिकाउन चाहन्छ ताकि भ्रष्ट, माफिया, तस्कर नेताहरूको रजगज रहिरहोस् । यसैको लागि क्षणिकरूपमा भएपनि जनतालाई धोखा दिन शिक्षा र स्वास्थ्यमा सुधार गर्ने कुरा गरिरहेका छन् । होइन भने कुनै बेला पशुपतिको दक्षिण भारतीय पुजारी फेर्न खोज्ने प्रधानमन्त्री प्रचण्ड भर्खरै दक्षिण भारतको उज्जैनमा गएर शिवलिङ्गमा त्वम् शरणम् गच्छामि भएका होइनन् र ? अनि यस्ताहरूसँग तपाईले आशा गर्नुहुन्छ कि देशको हित गर्छ भनी ? कदापि गर्दैन । यिनीहरू जनताको पक्षमा होइन केवल दलाल पूँजीपतिको हित गर्छन् किनभने प्रत्येक पाँच वर्षमा तिनै दलाल पूँजीपतिसँग करोडौं अरबौं रुपैयाँ चन्दा लिनु छ, चुनाव लड्नु छ, मीठोमीठो सपना बाँड्नु छ, चुनाउ जित्नु छ र सरकार बनाउनु छ । अनि भ्रष्टाचार पनि गर्नु छ, साथै भ्रष्टाचारविरोधी भएको स्वाङ पनि पार्नु छ । अनि देशमा विकास गर्छु भन्ने भाषण पनि ठोक्नु छ ।

यही क्रम अनन्तकालसम्म चलाउने नेताहरूको इच्छा छ तर नआत्तिनुस् । अङ्ग्रेजको पनि इच्छा थियो, कहिल्यै पनि भारत नछोड्ने । राणाको इच्छा थियो, कहिले पनि नेपालको सत्ता नछोड्ने । शाहवंशका राजाहरूको इच्छा थियो, कहिले पनि नेपालको राजगद्दी नछोड्ने । तर अफसोच तिनीहरूमध्ये कोही पनि अहिले आफ्नो ठाउँमा छैनन् । त्यसैगरी, दलाल पूँजीवादका दलालहरूको सपना पनि समाप्त हुन्छ । यिनलाई समाप्त पार्ने शक्ति पनि तयार भइसकेको छ, नेपालको राजनीतिक क्षितिजमा । आशा, भरोसा र विश्वास गर्नुस् रूपान्तरणको काममा जुट्नुस् । अनि मात्रै जनताको रगत लुटेर स्वाद मानेर खानेहरू अब सबै दण्डित हुनेछन् । तबमात्र सबै नेपाली बाँच्नुपर्छ, सबै नेपाली हाँस्नुपर्छ भन्ने समुदाय बन्नेछ ।

# सङ्घमा अझै आएन अन्तर प्रदेश सवारीसाधनको बाटो इजाजत अनुमति

काठमाडौं, २६ साउन/रासस

अन्तर प्रदेशमा चल्ने सार्वजनिक सवारी साधनको बाटो इजाजतपत्रको अनुमति सङ्घले दिनुपर्ने भएपनि यो काम प्रदेश सरकार अन्तर्गतका कार्यालयले गरिरहेका छन् ।

संविधान कार्यान्वयनमा आएको आठ वर्ष बित्न लाग्दा समेत त्यसको व्यवस्था अनुसार अन्तर प्रदेशमा चल्ने सवारीसाधनको अनुमति दिने काम पूर्णरूपमा केन्द्रमा आउन नसकेको हो । बाटोको अनुमति पहिलेदेखि नै यातायात व्यवस्था कार्यालयले दिंदै आएकाले अहिले पनि दिइरहेको र व्यवसायी पनि सेवा लिन जाने गरेको सवारी जाँच केन्द्रका प्रमुख मणिराम भुसालले बताए ।

उनका अनुसार यातायात व्यवस्था विभागले अहिले सवारीसाधन जाँच केन्द्रबाट बाटो इजाजतपत्रको अनुमति लिने व्यवस्था मिलाएको छ । उनले भने, "अझै आधाभन्दा बढी प्रदेशबाटै लिने गरेको पाइन्छ ।"

काठमाडौं उपत्यकाबाट पूर्वमेचीबाट पश्चिम महाकालीसम्म जाने गाडीको 'रूट' सङ्घीय सरकारले दिनुपर्ने भएपनि अझै धेरै सवारीसाधनलाई प्रदेशले अनुमति दिइरहेको यातायात व्यवस्था ि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३६ | २०८० साउन २७ गते शनिवार | 2023 August 12 Saturday | ३


## शब्दहरूमा समेटिएका साहित्यकार गोपाल 'अश्क'

सिर्जना, समालोचना र भाषाका त्रिवेणी साहित्यकार गोपाल 'अश्क' नेपाली, हिन्दी र भोजपुरी भाषाका विशिष्ट साधक हुन्। साहित्यका प्रायः सबैजसो विधाका सिद्धहस्त सर्जक 'अश्क' अनुवाद विधालाई पनि उचाइमा पुऱ्याउने अनुवादक पनि हुन्। देश र विदेशमा सुप्रसिद्ध साहित्यकार 'अश्क'ले साठी दशक भौतिक उमेर पार गर्दै गर्दा उनको साहित्यिक जीवनको मूल्याङ्कन हुनु आवश्यक थियो। साहित्य सिर्जनामा निरन्तर साधनारत् 'अश्क'को समग्र साहित्यिक जीवनको मूल्याङ्कन गर्ने ग्रन्थ प्रकाशित भएको छ – साहित्यकार गोपाल 'अश्क'।

तन्नेरी प्रकाशन, काठमाडौंले प्रकाशन गरेको 'अश्क'को सम्पूर्ण इतिवृति समेटिएको कृतिको पहिलो खण्डमा डा. विश्वम्भरकुमार शर्माले 'गोपाल अश्कको जीवनी, व्यक्तित्व र कृतित्व'माथि प्रकाश पारेका छन्। पर्साको भेडिहारी–१ मा वि.स. २०१९ पिता सुरुज साह सोनार र माता पतियादेवी सोनारिनको कोखबाट जन्मेका 'अश्क' स्नातकोत्तर हुन्। 'बज्जिकाञ्चल' पाक्षिक पत्रिकाबाट युवावस्थामा पत्रकारिता आरम्भ गरेका 'अश्क'को साहित्यिक लेखन पनि सन् १९८१ मा भएको देखिन्छ। कक्षा ८ बाट साहित्य सिर्जना गर्न थालेका 'अश्क'को पहिलो कृति 'कजरी' खण्डकाव्य २०४७ मा प्रकाशित भएको छ। त्यसपछि निरन्तर साहित्यिक यात्रामा करीब तीन दर्जन कृति प्रकाशित छन्। खण्डकाव्य, महाकाव्य, गीत, कथा, लघुकथा, उपन्यास, गजल, नाटकजस्ता सिर्जना विधा र अनुसन्धान, समीक्षा, समालोचना, अनुवाद, व्याकरणलगायत क्षेत्रमा पनि 'अश्क'को साधनाको विस्तार भएको छ। शब्दकोशका साथै पाठ्यक्रम निर्माण र लेखनमा सक्रिय रहँदै 'अश्क'को व्यक्तित्वको उचाइ सम्पादन तथा प्रकाशनसम्म पुगेको छ। 'अश्क'ले विभिन्न साहित्यिक पत्रिकाको विशेष सम्पादन गर्नुका साथै भोजपुरी पत्रिका गमकको पनि प्रकाशन सम्पादन गरेका छन्। गैरसाहित्यिक पत्रिकाको सम्पादन गरी 'अश्क'ले पत्रकारितासमेत गरेका छन्। 'अश्क'ले विभिन्न पत्रपत्रिकामा स्तम्भलेखन पनि गरेका छन्। दर्जनौं प्रशंसापत्र, सम्मानपत्र, अभिनन्दनपत्रबाट सम्मानित 'अश्क' अनेक पुरस्कारबाट पुरस्कृत भएका छन्।

कृतिको दोस्रो खण्ड 'सम्बन्ध र संस्मरण' रहेको छ। यस खण्डमा 'अश्क'सित सम्बन्धित विभिन्न व्यक्तित्वका लेखरचना रहेका छन्। यस खण्डमा 'अश्क'माथि विभिन्न साहित्यकारको दृष्टिकोण रहेको छ जसले धेरै हदसम्म 'अश्क'को मूल्याङ्कन गर्न सफल भएको देखिन्छ। डा. ध्रुवचन्द्र गौतमले गोपाल अश्क : चौथाई शताब्दी शीर्षकमा अश्कको सटिक मूल्याङ्कन गरेका छन्। सनत रेग्मीले मेरा अनुज : मेरा मित्र गोपाल अश्क शीर्षकमा भाइ र मित्र अश्कसित सम्बन्ध केलाएका छन्। मोहन दुवालले भोजपुरी र नेपाली भाषाका सर्जक गोपाल अश्क शीर्षकमा अश्कसितका विभिन्न आयामहरू केलाएका छन्। प्रा.डा.नारायणप्रसाद खनालले यतिबेला कुन कृति सृजना गर्दै हुनुहुन्छ ? शीर्षकमा पत्रात्मक शैलीमा 'अश्क'को लेखनशैलीको मूल्याङ्कन गरेका छन्। वियोगी बुढाथोकीले सजिलो उच्चारणका सजिला मान्छे शीर्षकमा भावनात्मक आलेख लेखेका छन्। मधेसरत्नको उपाधि पाइसकेका 'अश्क'लाई रमेश गोर्खालीले तराईरत्न गोपाल अश्कको भाषिक साधना शीर्षकमा शीर्षानुकूल मूल्याङ्कन गरेका छन्। रामप्रसाद पन्तले गोपाल भाइका नाममा केही शब्द शीर्षकमा एक यात्राको क्रममा अश्कसित भएको उठबस र बसाइँबाट परिचित भएको भन्दै हृदय खोलेर प्रशंसा



कृति समीक्षा

सञ्जय मित्र

mitrasanjay41@gmail.com

गरेका छन्। दिव्य गिरीले 'अश्क'लाई साहित्यका त्रिवेणी भनेका छन्। पवन आलोकले 'अश्क'लाई बहुमुखी प्रतिभाका धनीको रूपमा प्रमाणित गरेका छन्। शीतल गिरीले गोपाल अश्क : चिनारी परिचर्चा शीर्षकमा 'अश्क'का विभिन्न कृतिहरूमा अग्रजहरूले गरेका प्रशंसालाई उल्लेख गर्दै जीवनलाई नै वाङ्मयको संज्ञा दिएका छन्। डिल्लीराम मिश्र 'कलमजीवी'ले साहित्यकार गोपाल अश्कका समाजप्रधान स्वीकृति : सम्मान तथा पुरस्कार शीर्षकमा 'अश्क'प्रति पुरस्कार तथा सम्मानहरूले न्याय गरेको स्पष्ट पारेका छन्। विश्वराज अधिकारीले साहित्यकार गोपाल अश्कको साहित्यिक व्यक्तित्व शीर्षकमा मुख्यतः काव्य र गजल व्यक्तित्वको सङ्क्षिप्त मूल्याङ्कन गरेका छन्। श्रीओम श्रेष्ठ 'रोदन'ले चिन्ने कि चिनाउने शीर्षकमा 'अश्क'लाई चिन्दाचिन्दै चिनाउनुपर्ने भएको निष्कर्ष निकालेका छन्। चन्द्रकिशोरले भोजपुरीका गोपाल अश्क शीर्षकमा भोजपुरी भाषा र साहित्यका एक सपूतको रूपमा चिनाएका छन्। रोशन थापा 'नीरव'ले मेरो मित्र गोपाल शीर्षकमा व्यस्त 'अश्क'को परिचय दिन खोजेका छन्। एक्लो यात्री शीर्षकमा माधव काफ्लेले 'अश्क'लाई एक साधक साबित गर्ने प्रयास गरेका छन्। गणेशप्रसाद लाठले एक मनमौजी यात्री...गोपाल अश्क शीर्षकमा 'अश्क'को साहित्यिक सङ्घर्षबारे भावनात्मक प्रकाश पारेका छन्। खगेन्द्र गिरी 'कोपिला'ले 'अश्क'लाई अलखियाको अलख जगाउने कविको संज्ञा दिएका छन् भने तुलसीहरि कोइरालाले बहुविधामा बगेका अश्कलाई भेटेका छन्। सञ्जय मित्रले फरासिला अश्क शीर्षकमा शीर्षकानुकूल विवेचन गरेका छन् भने होमशङ्कर बास्तोलाले काव्ययात्रामा भेटिएका साहित्यिक व्यक्तित्व गोपाल अश्क शीर्षकमा विभिन्न विधा र भाषाको साहित्यकारको रूपमा 'अश्क'लाई चिनाएका छन्। श्यामबहादुर (खड्का) भावुकले साहित्यकार गोपाल अश्क शीर्षकमा कविता लेखेर 'अश्क'को जीवनीमूलक परिचय दिएका छन्। राजेश खनालले रउआ भूल गइल बानी शीर्षकमा 'अश्क'सितको मित्रता र क्षमताको सन्दर्भ उल्लेख गरेका छन्। गङ्गा कर्माचार्य पौडेलले मेरा प्रिय भाइ गोपाल अश्क शीर्षकमा 'अश्क'को कृतिकारिताको परिचय दिंदै आफू प्रभावित भएको बताएका छन्। विनयराज गौतमले मैले जाने बुझेको साहित्यकार गोपाल अश्क शीर्षकमा आकाशको ताराझैं चम्कने साहित्यकारको उपमा दिएका छन्। यसरी दोस्रो खण्डमा विभिन्न सर्जकहरूले 'अश्क'को व्यक्तित्व तथा कृतित्वको मूल्याङ्कन गरेका छन्।

खण्ड तीन कुराकानी वा अन्तर्वार्तासित सम्बन्धित छ। अन्तर्वार्तामार्फत अश्कको भाषा, साहित्य र जीवनका अन्य विभिन्न पाटाहरूसित सम्बन्धित विचारहरूको प्रस्तुति यस खण्डमा रहेका छन्। मोहन दुवालसित 'जनमत'का लागि गरिएको कुराकानी, शीतल गिरीले शब्द संयोजनका लागि गरेको कुराकानी, गोपाल ठाकुरले मधुपर्कका लागि गरेको कुराकानी, बलराम अधिकारीले गरेको अनुवाद केन्द्रित कुराकानी, विनयकुमार शर्मा नेपालले अग्निचक्र राष्ट्रिय मासिकका लागि गरेको कुराकानी, तर्कबहादुर थापाले डिसी नेपालका लागि गरेको कुराकानी, नवराज रिजालले नवप्रज्ञापनका लागि गरेको कुराकानी आदि यस खण्डमा रहेका छन्। यस खण्डले 'अश्क'बाटै 'अश्क'लाई चिनाउन धेरै सहयोग गरेको छ।

कृतिको चौथो खण्डमा 'अश्क'को कृतित्व र मूल्याङ्कन प्रस्तुत गरिएको छ। प्रा.डा. दयाराम श्रेष्ठले कथाकार गोपाल अश्क र उनको कथाकारिता शीर्षकमा 'अश्क'को अत्यन्त सङ्क्षेपमा प्रवृत्तिगत मूल्याङ्कन गरेका छन्। डा. ध्रुवचन्द्र गौतमले एक बित्ताको दूरीमा गोपाल अश्क शीर्षकमा 'अश्क'को परिचय प्रस्तुत गर्दै उनको एक बित्ताके दूरी भोजपुरी नाटकको समीक्षा गरेका छन्। प्रा.डा. गोविन्दराज भट्टराईले स्रष्टा भाइ गोपाल अश्क शीर्षकमा कथाकार गोपाल अश्कबारे प्रकाश पारेका छन्। प्रा.डा. कुमारप्रसाद कोइरालाले समालोचक गोपाल अश्क शीर्षकमा 'अश्क'को समालोचकीय प्रवृत्ति केलाउने काम गरेका छन्। प्रा.डा. गोपीन्द्र पौडेलले स्रष्टा गोपाल अश्क र उनको तिमी भन्नेहरू कथन शीर्षकमा 'अश्क'को एउटा कथाको विश्लेषण गरेका छन्। डा. शैलेन्द्रप्रकाश नेपालले महाकाव्यकार गोपाल अश्क र महाकवि देवकोटा पुरस्कार शीर्षकमा 'अश्क'लाई शीर्षकोल्लिखित पुरस्कार प्रदान गर्दाको निर्णयलाई महत्त्व दिएका छन्। डा. नारायणप्रसाद शर्मा गैरेले नेपाली गजलको विकासमा गोपाल अश्कको योगदान शीर्षकमा र डा. एकनारायण पौड्यालले गोपाल अश्कका कथामा स्थानीय रङ शीर्षकमा शीर्षकानुकूल विश्लेषण गरेका छन्। यसैगरी स्रष्टा गोपाल अश्क र उनको गजल महाकाव्य प्रेमान्तर शीर्षकमा डा. नारायण चालिसेले प्रेमान्तर गजल महाकाव्यको मूल्याङ्कन गरेका छन्। डा. पुष्करराज भट्टले नेपाली लघुकथाको अनुसन्धान परम्परामा गोपाल अश्क शीर्षकमा 'अश्क'को लघुकथाकारिता तथा उनको सैद्धान्तिक कृतिको विश्लेषण गरेका छन्। रमेशमोहन अधिकारीले नइहरके चुनरीमा महिलाको स्थान तथा विवेक वाइवाले गीत–गन्ध नियाल्दा शीर्षकमा 'अश्क'को रचनाधर्मिताको मूल्याङ्कन गरेका छन्।

कोण/प्रतिकोण पाँचौ खण्ड हो कृतिको। यस खण्डमा प्रा. प्रेमकुमार खत्रीले अभिन्न मित्र गोपाल अश्क र प्रा.डा. कृष्णहरि बरालले यसपटक गोपाल अश्क शीर्षकमा सोही अनुरूप टिप्पणी गरेका छन्।

छैटौं खण्ड हो– समीक्षा/समालोचना र भूमिका। यस खण्डमा 'अश्क'का कृतिहरूबारे विभिन्न समयमा प्रकाशित समीक्षा/समालोचना तथा कृतिमा प्रकाशित भूमिकाहरू रहेका छन्। प्रा. राजेन्द्र सुवेदीले निदाउन नसकेका रातहरू सङ्ग्रहका कथाहरूमा सामाजिक, सांस्कृतिक विम्ब शीर्षकमा, प्रा. डा. व्रतराज आचार्यले भानुभक्तका काव्यकृतिको अनुवाद परम्परामा एउटा अर्को खुड्किलो शीर्षकमा तथा प्राडा ज्ञानु पाण्डेले गोपाल अश्कका कथाहरूमा शीर्षकमा चर्चा गरेका छन्। डा पाण्डेको

(बाँकी पाँचौं पातामा)

## पानीको हाहाकार जब महादेवसम्म पुग्यो

"ए, घुस्क ना हो, एक डोल पानी हमरो के भर लेवे द।" अघिदेखि टयाङ्करनिर उभिरहेकी महिलाले क्रोधित स्वरमा कराइन्। पृथ्वीलोकमा अवस्थित एक देशको समतल भूभागमा पानीको हाहाकार थियो। गाउँभन्दा शहर बढी आक्रान्त थियो। हुने खाने वर्ग महँगो डिप बोरिङ गाड्ने धुनमा थिए भने मध्यम वर्गीय जनमानस खानेपानीको कार्यालयमा दिनभरि लाइनमा बस्न बाध्य थिए। सबैभन्दा बढी पीर गरीबजनलाई थियो। उनीहरूले पानीको प्रतीक्षामा टयाङ्कर कुर्नुको विकल्प थिएन। मानव सभ्यतामाथि प्रकृति क्रोधित थियो। कतै खडेरी त कतै बाढीको रूपमा आक्रोश पोखिरहेको थियो।

नारायण...नारायणको गुञ्जले कैलाश पर्वत गुञ्जायमान भयो। नारदमुनिको आगमन भयो। भगवान् भोलेनाथ ध्यानमग्न हुनुहुन्थ्यो। त्यस कारण नारदमुनिले पृथ्वीलोकमा पानीको हाहाकारबारे माता पार्वतीलाई अवगत गराएर अन्तर्ध्यान हुनुभयो। माता चिन्तित हुनुभयो। भगवान् भोलेनाथले दिव्य दृष्टिले माता पार्वतीको चिन्ता अवगत गर्नुभयो। आँखा खोल्दै – "हे देवी ! के भयो ? किन चिन्तामग्न हुनुहुन्छ ?" भगवान् भोलेनाथले प्रश्न गर्नुभयो। "हे महादेव ! पृथ्वीलोकमा पानीको सङ्कट उत्पन्न भएको कुरा नादरमुनिले सुनाउनुभयो। आखिर यस्तो किन भइरहेको छ ?" –चिन्तामग्न देवी पार्वतीले प्रतिप्रश्न गर्नुभयो।

जब पानीको हाहाकार महादेवसम्म पुग्यो, तब भोलेनाथले मुस्कुराउँदै भन्नुभयो– "हे देवी ! पृथ्वीलोकमा किन पानीको सङ्कट खडा भएको छ ? तपाईं प्रत्यक्ष दृष्टिगत गर्नुहोस्।" देवी पार्वतीको ध्यान पृथ्वीलोकतर्फ आकृष्ट भयो।

अँध्यारो रातमा मानिसहरू वनजङ्गलमा रूख काटिरहेका थिए। तस्करहरूको पैसाले वनरक्षक मदिरापान गरी लठ्ठ थिए। त्यसैगरी पानी सञ्चय हुने प्राकृतिक क्षेत्र ढुङ्गा, गिटी र बालुवाको उत्खननले आक्रान्त थियो। भगवान् भोलेनाथले माता पार्वतीसँग भन्नुभयो–"मानवीय उपभोगका लागि सबैथोक पृथ्वीलोकमा उपलब्ध छ। तर मानव केवल उपभोग गर्न तल्लीन छ। प्रकृतिको नियम र सन्तुलन कायम राख्ने उपाय थाहा भएर पनि बेखर छ।"

भगवान् भोलेनाथले पृथ्वीलोकको प्रत्येक देशमा राज्य सञ्चालन गर्ने संयन्त्र रहेको कुरा माता पार्वतीलाई अवगत गराउनुभयो। देश र जनताको आवश्यकताप्रति सचेत हुनु उनीहरूको दायित्व रहेको कुरा अवगत गराउनुभयो।

महादेवले भन्नुभयो– पृथ्वीलोकका विज्ञहरूले प्राकृतिक नियमविपरीत मानवीय गतिविधि नै सङ्कट निम्तिनुको मूल कारण रहेको अवगत गराउँदै आएका छन्। उनीहरूले धर्ती रिचार्ज हुने प्राकृतिक स्रोत जलवर्षा हो भन्दै आइरहेका छन्। यद्यपि वनजङ्गलको फडानी र पानी सञ्चय हुने क्षेत्रको दोहन दिनहुँ भइरहेको छ। अमानवीय प्रहारको कारण प्रकृति रुष्ट छ। बाढी, खडेरी र भूक्षय आदि विभिन्न रूपमा प्राकृतिको क्रोध प्रकट भइरहेको छ। यद्यपि यसप्रति न राज्य संयन्त्र, न मानवीय संवेदना सचेत छ। यावत् कुरा भगवान् भोलेनाथले देवी पार्वतीलाई बताउनुभयो।

देवी पार्वतीले पनि मानवीय हरकत दृष्टिगत गर्नुभयो। यद्यपि मानवीय कष्टप्रति माताको हृदय विभोर भयो। उहाँले भगवान् भोलेनाथसँग मानवमाथि दया गर्न बिन्ती गर्नुभयो। भगवान् भोलेनाथ मुस्कुराउनुभयो। दिव्यदृष्टिले पानीको हाहाकार भएको शहरतर्फ देवी पार्वतीको ध्यान आकृष्ट गराउनुभयो। माता पार्वतीको पानीको सङ्कट खडा भएको क्षेत्रको मानवीय लीलातर्फ ध्यानाकृष्ट भयो।

एकजना नेताजी मौकामा चौका हान्ने



सरोकार

राजेश मिश्र

rajesh560107@gmail.com

उपाय सोचिरहेका थिए। आफू निकट संस्थाका उत्तराधिकारीलाई फोन गरे। पानीको विषयमा कार्यक्रम गर्न सुझाए। नगरको चर्चित संस्था निद्राबाट ब्युझँदै पानी सम्बन्धी कार्यक्रम गर्ने बारे विचारमग्न भए। उनले वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने विचार गरे। नेताजी औंधी खुशी भए। विषय समयसापेक्ष थियो र भाइरल हुने सम्भावना बढी थियो।

"हेलो, मन्त्रीजी नमस्कार ! पानीको विषयमा कार्यक्रम आयोजना गर्दैछु।" उनले करबद्ध प्रार्थना गर्दै भने–"हजुर सम्बन्धित मन्त्रालयको मन्त्री हुनुहुन्छ। कार्यक्रमले यस क्षेत्रमा मेरो मानसम्मान उच्च हुनुका साथै तपाईंको पनि जयजयकार हुनेछ। त्यस कारण यहाँको उपस्थिति अपेक्षित छ।" मन्त्रीजी गद्गद भए र गहिरो मुस्कानसहित निमन्त्रण स्वीकार गरे।

महीनौंपछि बसेको संस्थाको बैठकले "पानी कसरी बचाउने ?" भन्नेबारे प्रतियोगिता गर्ने निर्णय गऱ्यो। प्रतियोगिताको मिति र समय घोषणा गरियो। शहरको भव्य होटल बूक गरियो। विद्यार्थीहरूको सहभागिताका लागि वक्तृत्वकलाको शीर्षकसहित विद्यालयहरूमा निमन्त्रण प्रेषित गरियो।

भव्य मञ्च र सुन्दर सजावटसहित पण्डाल निर्माण गर्ने व्यवस्था मिलाइयो। प्रतिस्पर्धी विद्यार्थीहरूका लागि बेन्च र अतिथिहरूका लागि उच्चकोटिका सोफा र आरामदायी कुर्सी, पानीको समस्या नहोस् भनेर राम्रो ब्रान्डको पिउने पानी आदि बन्दोबस्त गरियो। उपस्थित महानुभावहरू मध्ये एकले भने–"सबै बन्दोबस्त त भयो। तर, विद्युत् घरी आउने र घरी जाने अवस्था छ। त्यस कारण मन्त्रीजी भाषण गरिरहेको बेला विद्युत् गयो भने के गर्ने ?" माहोल गम्भीर भयो।

आकस्मिक अवस्थाका लागि जेनरेटर बन्दोबस्त गरियो। खाजामा तात्तातो गुलाब जामुन, रसभरी र चिसो पेय पदार्थका साथै चिया र समोसाको अर्डर गरियो। त्यसैगरी, मन्त्रीका लागि सुन्दर स्मृति–चिह्न र विजेता विद्यार्थीहरूका लागि विभिन्न प्रकारका पुरस्कारजन्य सामग्री खरीद गरियो। सबै प्रकारको बन्दोबस्त भइसकेको थियो।

आज कार्यक्रम हुने दिन थियो। यस अघि धेरै प्रकारका यस्ता प्रतियोगिताका अनुभवी विद्यार्थी भाइबहिनीहरू उपस्थित भइसकेका थिए। मन्त्री तथा नेतागण मञ्चमा आसीन भए। कार्यक्रम स्थलमा सामान्य नागरिकको उपस्थिति शून्य र कार्यकर्ताहरूको उच्च भीड थियो। उद्घाटन र स्वागत भाषणपछि वकतृत्वकला प्रतियोगिता शुरू भयो। "पानी कसरी जोगाउने ?" विषयमा प्रतिस्पर्धी विद्यार्थीहरूले आआफ्नो तर्क प्रस्तुत गरे। उनीहरूले–"वन–जङ्गल र पानी सञ्चित हुने प्राकृतिक क्षेत्रको संरक्षण गर्नुपर्छ। वृक्षारोपण गरेर झारा टार्ने कार्य गर्नुहुँदैन। सोको समुचित देखभाल गर्नुपर्छ" आदि इत्यादि तर्कहरू पेश गरे।

समापन मन्तव्यमा मन्त्रीजीले भने– "पानी विना संसारको कल्पना गर्न सकिँदैन। विद्यार्थी भाइबहिनीहरूको तर्क सराहनीय छ। यसतर्फ सरकारले ध्यान दिनुपर्छ।" थप्दै मन्त्रीजीले भने–"तपाईंहरूले 'पानी कसरी जोगाउने ?' भन्ने वक्तृत्वकलाको माध्यमबाट दिएको सन्देशले म अति प्रभावित छु र हृदयदेखि नै प्रशंसा गर्दछु"। मन्त्रीजीको भाषण नसकिंदै भीडमा उपस्थित एक महिलाले ठूलो स्वरमा पानीको अभावबारे गुहार गरिन्। आक्रोशपूर्ण स्वरमा उनले भने– "एक डोल पानी खातिर चार/चारघण्टा लाइन में खडा होखे के परता। पानी के अभाव में प्लास्टिक से लइकन सन के गाँड पोंछे के परता" भनिन्। मन्त्रीलाई आमन्त्रण गरेका नेताले आफ्नो मानमर्दन हुने सम्भावना देखे। कार्यकर्ताहरू तर्फ इशारा गरे। उनीहरूले ती महिलालाई पाखुरा समातेर कार्यक्रमस्थल भन्दा निकै पर पुऱ्याइदिए।

विजेता घोषणा र पुरस्कार वितरण गरियो। कार्यक्रम सम्पन्न भयो। विद्यार्थी तथा अधिकांश कार्यकर्ताहरू प्रस्थान गरे। खासखास मानिसहरूबीच अनौपचारिक कुराकानी भइरहेको थियो। चियापान गर्दै मन्त्रीजीले विपक्षी दलको असहयोगका कारण पानीको समस्या हल गर्न नसकिएको गुनासो पोखे। सबैभन्दा राम्रो पक्ष भनेको मन्त्रीजीले केही भद्रभलाद्मीहरूलाई व्यक्तिगत प्रयोगका लागि स्वच्छ पानीका बोतलहरू उपहार दिए, जुन शहरमा स्थापना भएको नयाँ मिनरल वाटरको कारखानाको सौजन्यबाट प्राप्त भएको थियो। उक्त कारखाना मन्त्री सन्निकट एक उद्योगीको थियो। 'एक तीर दो निशाना' भनेझैं मन्त्री सहभागी कार्यक्रममा निश्शुल्क पानी वितरणले ब्रान्डको प्रचार र उद्योगीको सेवाभाव समाजमा प्रवाहित हुने नै भयो। प्रतियोगितालाई राम्रोसँग सञ्चालन गरेकोमा आयोजक संस्थालाई धन्यवाद दिँदै मन्त्रीजीले भने–"पानी कसरी जोगाउने ? भन्ने महत्त्वपूर्ण विषयमा आयोजना गरिएको वक्तृत्वकला प्रतियोगितामार्फत आज हामी सबैले मिलेर समाजलाई अमूल्य सहयोग प्रदान गरेका छौं।"

रात्रि विश्राम, मदिरापान र रात्रिभोजको प्रबन्धन शहरका चर्चित उद्योगपतिको सानिध्यमा भएको थियो। शराब र चिसो मिनरल वाटरको मिश्रणले पेग अतुलनीय आनन्ददायक थियो। हाँसो र ठट्टाका साथै मध्यरात भएको कसैलाई पत्तै भएन।

भोलिपल्ट पत्रपत्रिकाहरूमा मन्त्रीको सामूहिक तस्वीरसहित कार्यक्रमको वृत्तान्त प्रकाशित भयो। यता पानी प्राप्त गर्ने आशामा आमजनता टयांकरको जोहो गर्दै पङ्क्तिमा खडा थिए। उता मन्त्रीसहित मन्त्रीलाई आमन्त्रण गरी बोलाएका नेता, केही उद्योगपति र आयोजक संस्थाका मानव जमात पत्रपत्रिकामा समाचार पढ्दै मख्ख थिए। यो खबर फैलाउनका लागि चारजना कार्यकर्तालाई क्रमशः (१) फेसबूक उर्फ रूरूलाइक, कमेन्ट, शेयर, (२) ट्विटर उर्फ रूरूकुहु–कुहु, (३) युट्युब उर्फ रूरूहोहल्ला र (४) ह्वाट्सएप उर्फ फरवार्ड बाबुको जिम्मा दिइयो।

भगवान् भोलेनाथले देवी पार्वतीको अनुहार अवलोकन गर्दै भन्नुभयो–"हे देवी ! अनुहार किन मलिनो छ ? यो पृथ्वीलोकको केवल उदाहरण मात्र हो। इच्छा छ भने संसद् भवन, सिंहदरबार, मन्त्रालय, मन्त्री निवास आदिको अवलोकन भ्रमण गर्नुहोस्। हात्तीको खाने दाँत र देखाउने दाँतबारे अवगत हुनेछ।" देवी पार्वतीको तर्फबाट कुनै प्रतिक्रिया आएन। तत्पश्तात् भगवान् भोलेनाथ तपस्यामा लीन हुनुभयो। अस्तु !

# दी अमेरिकन लाइफ–४५

**स्टाप साइन**

अमेरिकाको यातायात व्यवस्थालाई डिजेल, पेट्रोल, प्राकृतिक ग्याँसले चल्ने गाडीहरूले– कार, ट्रक, बस, ठूलो ट्रक आदिले भरपर्दो किसिमले धानेका छन् । अमेरिकामा यातायातका लागि सार्वजनिकभन्दा निजी गाडीहरू बढी प्रयोग हुन्छन् । कार झनै बढी प्रयोग हुन्छन् । न्यूयोर्क, सान फ्रान्सिस्को, लस एन्जल्स, शिकागोजस्ता ठूला शहरहरूमा सवारी पार्किङको समस्याले गर्दा मानिस सार्वजनिक यातायातका साधन बढी प्रयोग गर्छन् । तर ठूला शहरबाहेक अन्य शहरमा भने निजी सवारीसाधनहरू बढी प्रयोग हुन्छन् ।

अमेरिकामा प्रत्येक एक हजार व्यक्तिमा ७९५ जनासँग कार हुन्छ । अमेरिकामा २९ करोडभन्दा बढी कार रहेको पाइन्छ । क्यालिफोर्निया, फ्लोरिडा र टेक्सास अमेरिकामा सर्वाधिक कार हुने क्रमशः पहिलो, दोस्रो र तेस्रो राज्य हुन् ।

अमेरिकामा कार एवं गाडीहरूको सङ्ख्या धेरै भएकाले ट्राफिक व्यवस्थापन पनि चुनौतीपूर्ण हुनु स्वाभाविक हो । अमेरिकामा गाडीहरूको आवागमनलाई नियन्त्रण एवं व्यवस्थापन गर्न 'ट्राफिक लाइट'को व्यवस्था गरिएको हुन्छ । ट्राफिक प्रणाली पुलिसद्वारा व्यवस्थित गरिएको बिरलै देख्न पाइन्छ । ट्राफिक लाइटमा रातो, गुलाबी र नीलो गरी तीन किसिमका रङ्ग प्रयोग हुन्छन् ।

अमेरिकामा गाडीहरूको आवागमनलाई व्यवस्थापन गर्न सर्वाधिक प्रयोग भने 'स्टप साइन'को हुन्छ । तीनतिर वा चारतिर जाने तीनबाटो वा चौबाटोमा ट्राफिक प्रहरी होइन 'स्टप साइन' राखिएका हुन्छन् । अष्टकोण (Octagon) आकार भएको, रातो भुईंमा र त्यसरी स्टप साइन लेखिएको साइनबोर्डलाई एक खम्बाले उचालेर तीनबाटो वा चौबाटोहरूमा राखिएका हुन्छन् । ट्राफिक नियम पालना गर्न भनी सूचनाको रूपमा राखिएको त्यो स्टप साइनले गाडीहरूको आवागमनलाई

धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com

व्यवस्थित एवं नियन्त्रित गर्छ । कसरी ? अमेरिकाका सबै राज्यमा समान किसिमले, समान रङ्ग, आकार र उचाइसहित प्रयोग हुने स्टप साइनको नियम अनुसार आउने गाडीहरूमध्ये जो पहिले त्यो तीनबाटो वा चौबाटोको स्टप साइननजीक पुग्छ, उसले पहिले जान पाउँछ ।

स्टप साइनको नजीक पहिले पुग्ने गाडीको चालकले सर्वप्रथम आफ्नो गाडी स्टप साइनको नजीक अनिवार्यरूपमा रोक्नुपर्छ । उसले चारै दिशामा हेर्नुपर्छ । कतैबाट कुनै गाडी नआएको निश्चित भएपछि गाडी चलाएर गन्तव्यतिर जानुपर्छ । यस्तैगरी, स्टप साइनको नजीक पुग्ने दोस्रो गाडीको चालकले पनि त्यही गर्नुपर्छ । पहिलो गएपछि दोस्रो जानुपर्छ ।

**स्टप साइनका नियमहरू:**

१) यो नियम गाडी चालक स्वयंले पालना गर्नुपर्छ । यो नियम पालना गराउन वा कसले के गर्दैछ भनी हेर्न कुनै कर्मचारी वा ट्राफिक प्रहरी बसेको हुँदैन । चालकद्वारा स्वयम् पालना नगरिएको अवस्थामा प्रहरीद्वारा समातिएमा जरिवाना तिर्नुपर्छ ।

२) स्टप साइननजीक जुन गाडी पहिले पुग्छ, जाने पहिलो अधिकार उसको हुन्छ ।

३) चालकले परबाट स्टप साइन देख्नासाथ आफ्नो गाडीको गति कम पार्नुपर्छ । र स्टप साइननजीक पुगेपछि गाडी अनिवार्यरूपमा रोक्नुपर्छ ।

४) स्टप साइनमा गाडी नरोक्नु नियम उल्लङ्घन गर्नु हो । जरिवाना भुक्तान गर्नुपर्ने अपराध हो ।

५) अरूद्वारा नियन्त्रित भएर कानून मान्नुभन्दा स्वयम् कानून मान्नु हो ।

सवारीसाधनहरूको आवागमन व्यवस्थित गर्न जनशक्ति (ट्राफिक प्रहरी) एवं लाइट (ट्राफिक लाइट)को प्रयोग नगरी केवल स्टप साइन मात्र राखिने हुनाले लागतको दृष्टिकोणबाट 'स्टप साइन' अति प्रभावकारी मानिन्छ । यो स्टप साइन व्यवस्थाले प्रत्येक नागरिकलाई जिम्मेवार देख्छ र प्रत्येक नागरिकबाट नियमको पालना हुने विश्वास गर्छ । यो व्यवस्थाले प्रत्येक नागरिकलाई इमानदार देख्छ र उसले यो व्यवस्था करकापमा होइन, स्वयम् (प्रत्येक नागरिक)ले पालना गर्नेछ भनी विश्वास गर्छ ।

हुन पनि अमेरिकामा स्टप साइनको पालना शतप्रतिशत हुन्छ । कसैले नदेख्ने, शहरदेखि टाढा वा सुनसान स्थानमा राखिएका 'स्टप साइन'को पालना पनि सवारी चालकहरूले इमानदारीपूर्वक गर्छन् । यो नियम नमान्ने वा स्टप साइनमा गाडी नरोक्ने कार्य कदापि गर्दैनन् । चालकहरूले 'हामी स्वयम् नियम पालना गराउने निकाय हौं' भनी सोच्छन् । कानून होइन, चालकको आफ्नै विवेकद्वारा नियम उल्लङ्घन नगर्ने वातावरण तयार पार्ने स्टप साइन आफैंमा एक उत्कृष्ट व्यवस्था हो । ट्राफिक लागत कम गर्ने एउटा उत्कृष्ट व्यवस्था हो । कम पार्ने प्रभावकारी व्यवस्था हो ।

स्टप साइन अमेरिकाभरि अर्थात् अमेरिका सबै राज्यमा समान किसिमले उपयोग गरिन्छ । स्टप साइन बोर्डको उचाइ, आकार, रङ्ग अमेरिकाका सबै राज्यमा समान किसिमले उपयोग गरिन्छ । व्यक्ति होइन, चिह्नले सवारी व्यवस्था नियन्त्रण गर्ने यो प्रणाली आफैंमा एक खास व्यवस्था हो ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

यसको प्रभाव हामी सबै धर्ममा देख्न सक्छौं ।

प्रेम जीवनको अत्यन्त महत्त्वपूर्ण अङ्ग हो । रूढिवादी धर्महरू जीवनविरोधी धर्म थिए, प्रेमविरोधी धर्म थिए । त्यसैले परिवारविरोधी थिए, समाजविरोधी थिए, एकान्तका पक्षधर थिए । परमगुरु ओशो जीवनको पक्षमा हुनुहुन्छ । उहाँले जीवनलाई नै धर्मको केन्द्र मान्नुभएको छ । त्यसैले उहाँ प्रेमको पक्षधर हुनुहुन्छ । माथि उल्लिखित चारै सिंढीलाई उहाँ स्वीकार गर्नुहुन्छ ।

उहाँ प्रेमका चारै रूपलाई सम्मानसहित स्वीकार गर्नुहुन्छ । यी सोपानहरू क्रमिक सोपान हुन् । हामीहरू एकएक खुडकिलो चढेर माथि जान सक्छौं । यदि हामी तलको खुडकिलोलाई इन्कार गर्छौं भने सिंढी उक्लन सक्दैनौं ।

निश्चय नै प्रेम शुरूवातमा अहङ्कार मिश्रित हुन्छ, वासनाले भरिभराउ हुन्छ, यसमा धेरै अशुद्धि हुन्छ, तर विस्तारै बिस्तारै शुद्धीकरण हुन्छ ।

प्रेमका सबै रूपलाई ओशोले स्वीकार गर्नुभयो । यी सबैलाई उहाँले सिंढीको रूपमा लिनुभयो । उदाहरणको लागि सुफी फकीर वायजिदलाई उल्लेख गर्न सकिन्छ । एकपटक एकजना युवक उनीसँग भेट्न आए । हेर्दा त्यो युवक एकदम कठोर देखिन्थ्यो । उसले वायजिदसँग भन्न थाल्यो – म ईश्वरलाई जान्न चाहन्छु, मलाई परमात्मासम्म पुग्ने मार्ग बताइदिनोस् ।

युवकको कुरा सुनेर सुफी गुरु वायजिद उसको अनुहार हेर्दै सोधे – के तिमीले आफ्नो जीवनकालमा कसैसँग प्रेम गरेका छौ ?

युवकले जवाफ दियो – मलाई केवल परमात्माप्रति लगाव छ । यसैले मैले कसैसँग पनि प्रेम गरेको छैन । मलाई कृपा गरेर परमात्मासम्म पुग्ने मार्ग बताउनोस् ।

सुफीगुरु वायजिदले फेरि सोधे – फेरि एकपटक सोचेर भन । तिमी आफ्ना आमाबाबु, पत्नी, छोराछोरी, कुनै फूल, कुनै रूख, कुनै पशुपक्षीको प्रेममा परेका छौ भने भन ।

युवकले भन्यो– म यस संसारका स्थावर, जङ्गम, कीट, पतङ केहीसँग पनि प्रेम गर्दिनँ । म केवल परमात्मासँग प्रेम गर्छु ।

युवकको यस्तो कठोर कुरा सुनेर सुफीगुरु वायजिदको आँखाबाट आँसु झऱ्यो । उनले युवकलाई भने– मलाई माफ गर । यदि तिम्रो दिलमा अलिकति पनि प्रेम हुन्थ्यो भने म त्यसलाई बढाएर परमात्मासम्म लैजान सक्थें । तर तिमी कठोर पाषाण हृदयका रहेछौ । म तिम्रो जस्तो कठोर दिल भएको मानिसलाई केही मदत गर्न सक्दिनँ ।

प्रेम नै प्रार्थाना बन्न सक्छ । मानिस प्रेमबाट नै परमात्मासम्म पुग्न सक्छ । ओशो भन्नुहुन्छ– प्रेम नै परमात्मा हो । जीवन नै भगवान् हो । ओशोले प्रेमलाई धेरै महत्त्व दिनुभएको छ । प्रेमपूर्ण हुनु नै जीवन हो । प्रेमविनाको जीवन कल्पना पनि गर्न सकिंदैन । जीवनको सुरुआत नै प्रेमबाट भएको छ । जीवनको मध्य पनि प्रेम हो र जीवनको अन्त्य पनि प्रेम हो । ओशोले प्रेमलाई सबै रूपमा स्वीकार गर्नुभएको छ । त्यसमा मैत्री पनि, प्रेमीप्रेमिका पनि, पतिपत्नी पनि सबै पर्छन् ।

उदाहरणको लागि सन्त कबिर त्यस्ता व्यक्ति हुन, जसले घर गृहस्थीमैं रहेर परमात्मा प्राप्त गर्नुभयो । उनीपछि गुरु नानकदेवजीको नाम उल्लेखनीय छ । अहिलेको युगमा धेरै सन्त घर गृहस्थको कामकाज गर्दागर्दै, आफ्नो व्यवसाय गर्दागर्दै परमानन्द प्राप्त गर्न सफल भएका छन् ।

करीब डेढ सय वर्ष पहिले रामकृष्ण परमहंस जो वैवाहिक जीवनमा बाँधिएर जीवनभरि पत्नीसँग नै बसे । उनले कहिल्यै गृहस्थ जीवन त्याग गरेनन् । उनी कालीका परम भक्त थिए । उनी स्वयम् पनि भगवान् स्वरूप बने ।

ओशोले सारांशमा भनेका छन्– जीवन नै प्रभु हो । प्रेम नै परमात्मा हो । यसलाई छोड्नु पनि छैन । त्याग्नु पनि छैन, बरु जागरूकतापूर्वक जिउनु छ । जुन जुन अशुद्धिहरू यसमा मिसिएका छन्, त्यसबाट मुक्ति पाउनु छ, शुद्ध प्रेमलाई बचाउनु छ । यही नै भक्ति हो ।

ओशोले समस्त जीवनलाई नै धर्म क्षेत्र मान्नुहुन्छ । उनले ठीक ढङ्गले जागरूकतापूर्वक, प्रेमपूर्वक जीवन जिउने कलालाई नै धर्म मानेका छन् । उनले मूर्ति पूजा सिकाउँदैनन्, कुनै प्रार्थना सिकाउँदैनन्, तीर्थयात्रा तथा व्रत गर्न सिकाउँदैनन् । प्राचीन युगमा रहेको त्याग, तपस्या गर्न केही सिकाउँदैनन् ।

ओशोको नवीन परिभाषा अन्तर्गत जीवन, प्रेम तथा मानवीय सम्बन्ध अति महत्त्वपूर्ण छन् । प्रेम तथा मानवीय सम्बन्ध जीवनका प्रमुख अङ्ग हुन् ।

काम जीवनको आधार हो । कामबाट नै जीवनको सुरुआत हुन्छ, त्यसैले यसलाई पनि अस्वीकार गर्न सकिंदैन । ओशोले सबै चीज जागरूकतापूर्वक गर्ने कला सिकाउनुहुन्छ । उहाँ भन्नुहुन्छ– तिमीलाई क्रोध गर्नु छ भने पनि गर तर होशपूर्वक गर । यदि तिमीले क्रोध पनि होशपूर्वक गर्न सक्यौ भने तिमीभित्रैबाट रूपान्तरण हुन थाल्नेछौ ।

जब तिमी कामवासनामा उत्रन्छौ भने पनि तिमी होशपूर्वक उत्रनु, त्यो बेलामा पनि होश नछुटोस्, मूर्छाले तिमीलाई नघेरोस्, यसो गर्न सक्यौ भने तिमीभित्र रूपान्तरण हुन थाल्नेछ । यसबाट पनि आध्यात्मिक क्रान्ति घट्न थाल्नेछ ।

क्रमशः

# मुड डिजार्डर अथवा चित्तवृत्ति विकृति

पाठकवृन्द ! मनोविकृतिमा त सम्पूर्ण मानसिक रोग आउँछ तर मुडको अर्थ हुन्छ चित्तवृत्ति । यसै कारण यहाँ चित्तवृत्ति शब्दको उपयोग गरिएको छ । प्रायः हामी कसैले यो भनेको सुन्छौं कि अहिले कुरा नगर मुड खराब छ । अहिले हाकिमको मुड ठीक छैन, त्यसैले फाइल पेश नगर । यसको मतलब भयो कि मुड यस्तो अवस्था हो जुन २४ घण्टाभित्र बदलिरहन्छ । मिनेटमा ठीक र मिनेटमैं खराब भइरहन्छ । अतः मुड मान्छेको तात्कालिक अवस्था महसूस गराउने स्थिति हो । एकमैन नामक वैज्ञानिकले यो महसूस गराउन सात स्टिम्युलसलाई जिम्मेवार मानेका छन् जुन मानिसको सामान्य अवस्था हो यथा– सुख, दुःख, क्रोध, भय, आश्चर्य, घृणा र तिरस्कार । यो सात चित्तको अवस्था हो, जसलाई नियन्त्रण गर्ने शक्ति चित्तमा निहित हुन्छ । अथवा जुन चित्तले दुःख महसूस गर्छ उसैले त्यसबाट बाहिर निस्कने शक्ति पनि राख्छ । चित्तको यही शक्ति क्षीण भएपछि मान्छे विकृतिको स्थितिमा पुगेर बिमार हुन्छ, जसलाई मुड डिजार्डर वा चित्तवृत्ति विकृति भनिन्छ । यस्तो मानिस दुःखी वा उदास जे छ, त्यही अवस्थामा रहिरहन्छ जबसम्म उसको उपचार हुँदैन । सामान्य मानिसलाई उपचार आवश्यक हुँदैन । आज हामी यसै चित्तवृत्ति विकृतिबारे जान्नेछौं ।

वाटिका



डा शिवशङ्कर यादव

shivshankaryadav3398@gmail.com

**एकमैन नामक वैज्ञानिकले यो महसूस गराउने सात स्टिम्युलसलाई जिम्मेवार मानेका छन् जुन मानिसको सामान्य अवस्था हो यथा– सुख, दुःख, क्रोध, भय, आश्चर्य, घृणा र तिरस्कार । यो सात चित्तको अवस्था हो, जसलाई नियन्त्रण गर्ने शक्ति चित्तमा निहित हुन्छ ।**

मुड डिजार्डरको प्रयोग प्राचीनकालदेखि नै हुँदै आएको छ । बाइबलको ओल्ड टेस्टामेन्टमा राजा साउललाई डिप्रेशन भएको उल्लेख छ जुन डेविडको मधुर सङ्गीत सुनेपछि शान्त हुन्थ्यो । हिपोक्रेटसले मैनिया अर्थात् उन्माद र मेलान्कोलिया अर्थात् सिभियर डिप्रेशनको दुईटा टर्म दिएर गए । आर्टियसले एउटै व्यक्तिमा मैनिया र डिप्रेशन दुवै भएको वर्णन गरेका छन् । एमिल क्रेपेलिनले पहिले डिप्रेशन डिमेन्सियाबाट छुट्टै अस्तित्व भएको पत्ता लगाए । डब्ल्युएचओले युनिपोलर र बाइपोलर दुई किसिमको डिप्रेशनको वर्गीकरण गरे । युनिपोलरको मतलब हो, रोगीको अवस्था एउटै दिशामा दगुर्छ । अर्थात रोगी उदास छ भने उदासी बढ्दै जान्छ, अरू बढी हुँदै जान्छ । तर बाइपोलरमा उदासीपछि फेरि खुशी आउँछ र फेरि उदासी । यसरी रोगीको मुड दुवैतिर झुलिरहने हुँदा नाम बाइपोलर भयो ।

वर्गीकरण : मुड डिजार्डरका निम्नलिखित अवस्था र प्रकार छन् : मैनिक अवस्था २. डिप्रेसिभ अवस्था ३. इन्डोजिनस डिप्रेशन ४.रिएक्टिभ डिप्रेशन ५. न्युरोटिक डिप्रेशन ६. इन्भोल्युशनल डिप्रेशन र ७.प्युरपेरल डिप्रेशन ।

**१.मैनिक अवस्था :** मैनियाको अर्थ हुन्छ उन्माद, सनक । यसको ८४ प्रतिशत जोखिम हुन्छ । यो अवस्था ३ देखि ४ महीनासम्म रहन्छ र त्यसपछि आफैं पूरै ठीक हुन्छ । त्यसपछि पनि यदि पुनः भयो भने मैनिक वा डिप्रेसिभ दुवैमा कुनै एक हुन्छ । मैनिक अवस्थाका निम्नलिखित लक्षण हुन्छ, जुन एक हप्ता रहन्छ र रोगीको काम र सामाजिक क्रियाकलापमा गडबडी पैदा हुन्छ । यसको लक्षण कः एलिभेटेड मुड : जसको पनि निम्नलिखित उपअवस्था हुन्छ–अः युफेरिया : यसमा मान्छेमा बढी उत्साह र आत्मरति देखिन्छ । यसलाई हाइपोमैनिक अवस्था भनिन्छ यो मुडको हल्का बढोत्तरीको अवस्था हो यसलाई मैनिया स्टेज प्रथम पनि भनिन्छ । आः इलेशन : यो मुडको मध्यम बढोत्तरीको अवस्था हो । यसमा आत्मविश्वास बढेर खुशीको कुनै पनि क्रियाकलापमा मान्छे बढी क्रियाशील भएको पाइन्छ । यो मैनियाको दोस्रो स्टेज हो । इ : एक्साल्टेशन : यसको अर्थ हुन्छ प्रशंसा, यसमा मुडको सिभियर अर्थात कडा वृद्धि हुन्छ । यसमा श्रेष्ठताको अधिक भ्रम र भाव हुन्छ । यसलाई मैनियाको तृतीय अवस्था भनिन्छ । ई : एक्सेटेसी : यसको मतलब हुन्छ हर्षोन्माद । यसमा मुडको भेरी सिभियर वा बहुतै कडा वृद्धि हुन्छ । यसमा रोगीको चित्तमा क्लाउडिंग भएर हर्षातिरेकको अधिकतम भाव पैदा हुन्छ । यो मैनियाको चौथो अवस्था हो । मैनिक अवस्थाको दोस्रो लक्षण हो साइकोमोटर एक्टिभिटी : यसमा मान्छे नरोकिने गरी क्रियाशील, बेचैन र उत्तेजित हुन्छ । तर उसको क्रियाशीलता मिथ्या होइन, लक्ष्य केन्द्रित हुन्छ । तेस्रो अवस्था हो बोली र विचारको : जसमा मान्छे जति पनि सोच्न र बोल्न सक्छ । बोल्ने भाषा लच्छेदार, हँसाउने वा जिस्काउने खालको हुन्छ । त्यसपछि मान्छेमा फ्लाई अफ आइडिया हुन्छ । रोगी तुरुन्त एउटा र तुरुन्त अर्को विषय बोल्न थाल्छ । मैनियाको चौथो लक्षण लक्ष्य निर्धारित कार्यशैली हो : यस अवस्थामा मान्छे अनावश्यकरूपले सचेत देखिन्छ तथा एउटै समयमा धेरै काम गर्न चाहन्छ । हाइपोमेनिक अवस्थामा मान्छे धेरै रचनात्मक र उत्पादनशील हुन्छ । ऊ अपरिचित मान्छेसँग पनि सम्बन्ध बनाउँछ तर धोका खान्छ । ऊ अपरिचित व्यक्ति प्रति विश्वास गरेर पैसा पनि दिन्छ र पैसा डुबाउँछ । उसले खरीदारीमा पैसा बगाउँछ र हाई क्लासको सुट लगाउँछ । रोगीले यहाँसम्म ठान्छ कि ईश्वर आउँछन् र ऊसँग कुरा गर्छन् । यस्तो अवस्था धेरै सङ्गीतकार र साहित्यकारहरूको हुन्छ । यस कोटिमा मान्छे इम्पल्सिभ हुन्छ र सेक्सुअलिटी पनि बढ्छ । यसको अतिरिक्त पाँचौमा अरू पनि लक्षणहरू हुन्छन् : जसमा रोगी कम सुत्छ, आवश्यकता पनि कम हुन्छ । भोक लागे पनि अत्यधिक गतिशीलताले खाना कम खान्छ ।

**२. डिप्रेसिभ वा उदासीको अवस्था :** मैनियाको अवस्था पार गरेर अब रोगी डिप्रेशनको अवस्थामा पुग्छ । यस फेजमा रोगी थकित र उदास देखिन्छ जुन उसको पोस्चर वा बडी लंग्वेज र चाल तथा अनुहारमा पनि प्रकट हुन्छ । रोगी आफूमैं सङ्कुचित हुन्छ । रोगी हरहमेशा आत्महत्याको विचार गर्छ र प्रायः साथी मित्रभाइलाई पनि बताउँछ । यस्तो अवस्थामा सचेत भइएन भने रोगीले आत्महत्या पनि गर्छ । संसारमा प्रत्येक ३०० मध्ये एक अत्महत्या र नेपाल भारतमा प्रत्येक २०० मा एक आत्महत्या यसै डिप्रेशनको कारण भएको देखिन्छ । यो अत्महत्या पूरै योजनाबद्ध हुन्छ । पढेलेखेकाले सुसाइड नोट लेख्छ, नलेख्न पनि सक्छ । कहिलेकाहीं रोगीले आफ्नै प्रिय बच्चालाई मारेर पछि आफैं पनि मर्छ । उसको परिवर्तित रंगढङ्गबारे परिवारले चिकित्सक खबर गर्नुपर्छ । ऊ आफ्नो काम छोड्छ र सङ्गीसाथीको परवाह गर्दैन । यसको लागि यदि उसलाई दबाब दिइयो भने झन् उदास हुन्छ । रोगीको सम्पूर्ण शक्ति यसरी क्षीण हुँदै जान्छ कि आफ्नो विगत, वर्तमान र भविष्य सबै अँध्यारो देख्छ । रोगीको बिहानै निद्रा खुल्छ र उठेपछि ताजगी महसूस गर्दैन । उसको भोक र यौनेच्छामा पनि ऱ्हास देखिन्छ । उसलाई आफू र आश्रित पनि मरेपछि मात्र समस्याको समाधान देखा पर्छ ।

**३. एन्डोजिनस डिप्रेसन :** कसैकसैले यसलाई माथि उल्लेख गरिएकै डिप्रेशन मान्छन् तर कसैकसैले यसको अलग अस्तित्व पनि स्वीकार गर्छन् । माथिको र यस डिप्रेशनमा के फरक छ भने यसमा हेरिडिटी फैक्टर बढी देखिन्छ, बाहिरी वातावरणको कम । यसमा सखारै उठ्ने र डिप्रेशन कडा हुन्छ । यसको अतिरिक्त यसमा भोकमा कमी, मासिक बन्द हुने आदि लक्षण प्रमुखतामा देखिन्छ ।

**४. रिएक्टिभ वा प्रतिक्रियात्मक डिप्रेशन :** जसरी नामले नै थाहा हुन्छ यो बाह्य घटनाको प्रतिक्रियास्वरूप देखिन्छ । कसैले कसैलाई बलात्कार गऱ्यो । पीडक अविच्छिन्न घुमिरहने र पीडित अपमानित भइरहन्छे र एक दिन झुन्डिएर मर्छे । यही रिएक्टिभ डिप्रेशन हो । यसमा रोगीको चित्तवृत्ति अझ नराम्ररी विचलित हुन्छ र लामो समयसम्म पिछा छोड्दैन । तर यो पनि सत्य हो कि यसमा शारीरिक क्रियाकलाप, आवाज र तीव्र आत्महत्याको सोच त्यति देखिंदैन जति डिप्रेशनका अन्य रूपमा देखिन्छ । त्यस्तै यसमा बेकारको भावुकता, निराशा आदि पनि त्यति देखिंदैन जति अन्यमा देखिन्छ ।

**५. न्युरोटि डिप्रेशन :** यो पनि माथिको रिएक्टिभ डिप्रेशनजस्तै हो, किनभने कुनै न्युरोटिकले नै कुनै घटनामा चाहिनेभन्दा बढी प्रतिक्रिया दिन्छ । तर पनि कसैकसैले यसको अलग अस्तित्व स्वीकार गरेका छन् । अन्तर्राष्ट्रिय वर्गीकरणमा यसलाई साइकोन्युरोसिस भनेर परिभाषित गरिएको छ ।

**६. इन्भोल्युशनल डिप्रेशन :** यो पुरुषमा ५० देखि ६० वर्षमा तथा महिलामा ४० देखि ५० वर्षको उमेरमा बढी देखिन्छ । यो जिद्दी र कुनै कामलाई दोहराइरहने प्रवृत्तिको मानिसमा बढी देखिन्छ । यसमा विक्षोभ र बेचैनी अधिकतमरूपमा हुन्छ । गहिरो चिन्ताको सबै शारीरिक लक्षण प्रमुखताका साथ प्रस्ट देखिन्छ । निराशा र भ्रम चरममा पुग्छ र भन्न पर्दैन आत्महत्याको खतरा पनि चरम हुन्छ । यदि यस्तो हालतबाट निस्कने रोगीले कुनै उपाय गर्छ र त्यसमा पनि फेल खान्छ भने स्थिति झन् भयावह हुन पुग्छ । यसमा हत्या गर्ने कुरा भने कमै देखिन्छ । यौनजन्य अपराध पनि मान्छेमा कमै देखिन्छ किनभने यसमा बढी अपराधबोध पहिलेदेखि भरिएको हुन्छ ।

**७. प्युरपेरल अथवा प्रसवपश्चात्को डिप्रेशन :** यो रूप प्रसवपश्चात् आमामा देखिन्छ, जुन इस्ट्रोजन र प्रोजेस्ट्रेन हार्मोनको अत्यधिक असन्तुलनले प्रकट हुन्छ । यो एक्युट अथवा एक्कासि हुन्छ जसमा आमाको चेतना भ्रमाच्छादित हुन्छ कि आमाले आफ्नो बच्चाको वास्ता त गर्दिन नै बच्चालाई टाढा फ्याकिदिन्छे र कहिलेकाहीं हत्यासमेत गरिदिन्छे । तर होश आएपछि घटनाको कुनै सम्झना हुँदैन । अस्तु !

## अन्तर्राष्ट्रिय समाचार

# नदीहरूमा जल सतह बढेपछि म्यान्मामा १८ हजारभन्दा बढी विस्थापित

याङ्गुन, २६ साउन/सिन्ह्वा

म्यान्माको दक्षिणी केइन राज्यमा नदीको बहावले खतराको चिह्न नाघेपछि



AFP/GETTY IMAGES

१८ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ।

केइन राज्यका छवटा टाउनशिपमा बाढीले खतरा उत्पन्न गरेपछि सुरक्षित आश्रयस्थलहरू स्थापना गरिंदै छ–केइन राज्य सरकारका प्रवक्ता यू साउ खिन माउङ मिन्टलाई उद्धृत गर्दै सञ्चार माध्यमले उल्लेख गरेका छन्।

थानल्विन नदीसहित केइन राज्यका विभिन्न नदीहरूमा जल सतह बढेको छ भने केइन राज्यको राजधानी हपा–आन र मोन राज्यको राजधानी मावलामाइन जोड्ने प्रमुख सडकका केही भाग डुबानमा परेका छन्।

यसबाहेक याङ्गुन र मावलामाइनबीच केही रेलमार्गहरू र मावलामाइनबीचको रेलवे ट्र्याकका खण्डहरू बाढीको कारण डुबानमा परेका छन्।

देशको मौसम विज्ञान तथा जलविज्ञान विभागले यहाँका छवटा नदीमा खतराको स्तर नाघेको जनाएको छ।

बागो क्षेत्रको मडौक शहर र बागो टाउनसिप, केइन राज्यको हपान टाउनसिप र काचिन राज्यको मोगाउङ टाउनसिपमा नदी किनार वा तल्लो क्षेत्रका बासिन्दालाई सम्भावित बाढीको जोखिमबाट सतर्क रहन मौसम विभागले चेतावनी पनि जारी गरेको छ।

बागो निवासी को आय ह्लाले बिहीवार सिन्ह्वालाई प्रत्येक वर्ष बाढीको अनुभव गरे पनि यस वर्षको डुबान लगभग तीन वर्षयताकै सबैभन्दा ठूलो भएको बताएका छन्। "मेरो घरको भुइँतल्ला हाल डुबेको छ।"

बागोका तल्लो क्षेत्रका केही बासिन्दालाई उच्च क्षेत्रहरूको खोजी गर्दै गुम्बा र आश्रयहरूमा सारिएको पनि उनले बताएका छन्। रासस

# वर्षाका कारण आएको विपत्तिमा चीनको हेबेई प्रान्तमा २९ जनाको मृत्यु, १६ बेपत्ता

सिजियाजुआङ, २६ साउन/सिन्ह्वा

उत्तरी चीनको हेबेई प्रान्तमा भर्खरै आएको भीषण वर्षाका कारण उत्पन्न विपद्मा परी बिहीवारसम्म २९ जनाको मृत्यु भएको छ भने १६ जना बेपत्ता भएका छन्। स्थानीय अधिकारीहरूले शुक्रवार जानकारी दिए अनुसार अविरल वर्षा र भीषण बाढीले प्रदेशका ११० जिल्लाका विभिन्न शहरहरूमा व्यापक क्षति पुऱ्याएको छ।

शुक्रवार बिहान आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार विपद् प्रभावित क्षेत्रमा यातायात, विद्युत्, सञ्चार, खानेपानीलगायत पूर्वाधारमा क्षति पुगेको छ। योसँगै प्रान्तले ९५.८१ बिलियन युआन (लगभग १३.३८ बिलियन



अमेरिकी डलर) को प्रत्यक्ष आर्थिक क्षति बेहोरेको बताइएको छ। साथै प्रकोप सृजित क्षतिको समग्र मूल्याङ्कन र प्रमाणीकरण कार्य भइरहेको पनि बताइएको छ।

बिहीवारसम्म बाढीबाट करीब ३० लाख ८९ हजार मानिस प्रभावित भएका छन्। साथै कुल ३१९,७०० हेक्टर बाली प्रभावित भएको छ भने १ लाख ३१ हजार ५०० हेक्टर क्षेत्रफल खेतीयोग्य भूमिमा क्षति पुगेको छ।

प्रकोपबाट ४०,९०० घर भत्किएका छन् भने १,५५,५०० घरमा नराम्ररी क्षति पुगेको छ। शिशु शिक्षालयसहित १,१५० प्राथमिक र माध्यमिक विद्यालयमा क्षति पुगेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – कान्तिक्षय |
| मिथुन – भाग्योदय | कर्कट – खर्चवृद्धि |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यलाभ | वृश्चिक – वादविवाद |
| धनु – व्यापारवृद्धि | मकर – शत्रुपराजय |
| कुम्भ – चोरभय | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## खण्डहर बन्दै भृकुटी कागज कारखाना

नवलपुर, २६ साउन/रासस

नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को गैंडाकोट–२ मा रहेको भृकुटी पल्प एन्ड पेपर नेपाल लिमिटेड बन्द भएपछि खण्डहर बन्दै गइरहेको छ। नेपाललाई कागजमा आत्मनिर्भर बनाउने उद्देश्यले चार दशकअघि स्थापना गरिएको नेपालकै ठूलो कागज कारखानाको अवस्था अहिले भेन्टिलेटरमा राखिएको बिरामीजस्तै भएको स्थानीय बताउँछन्।

भृकुटी कागज कारखानानजीकैका ७० वर्षीय रामेश्वर कँडेलले उद्योग सञ्चालनमा हुने बेलासम्म यहाँ निकै चहलपहल हुने गरेको स्मरण गरे। "विसं २०६५/६६ सम्म यो भृकुटीचोकमा अहिलेको नारायणगढ बजारकोभन्दा कम चहलपहल हुँदैनथ्यो," उनले भने, "उद्योगमा काम गर्ने सात/आठ सय मजदूर काममा जाने र निस्कने गर्दा त्यो दृश्य निकै नै रोचक लाग्थ्यो।" विसं २०६७ मा व्यवस्थापनले उद्योग बन्द गरेपछि यहाँको चहपहल घटेसँगै उद्योग खण्डहर बन्दै गएको कँडेलले बताए।

"उद्योग चल्ने बेलासम्म त उद्योग रहेको ठाउँ आकर्षक देखिन्थ्यो," उनले भने, "उद्योग बन्द भएपछि उद्योगको छानो तथा बारेका टिनका पाता खसेका छन्, पर्खाल भत्किएका छन्, उद्योगभित्र झाडी बढेको छ, हेर्दै डरलाग्दो ठाउँ बनेको छ।" भृकुटी कागज कारखाना रहेको ठाउँ अहिले अपराध गरेर मान्छे लुक्ने ठाउँका रूपमा परिणत भएको कँडेलको भनाइ छ। उद्योग पूर्णरूपमा बन्द भएको ११ वर्षभन्दा बढी भइसकेकाले उद्योगका सबै सामान कबाडी बनेको उनको भनाइ छ।

भृकुटी कागज कारखानाका तत्कालीन पल्प प्लान्ट इन्चार्ज ललित श्रेष्ठले अब उद्योग चल्ने र चलाउने सम्भावना नभएको भन्दै यसको उचित व्यवस्थापन गर्नुपर्ने बताए। "अब चाहेर पनि यो उद्योग सञ्चालन हुन सक्दैन, यहाँ बजार धेरै बढिसक्यो," उनले भने। यो खण्डहरमा परिणत भएको उद्योगका सामान हटाएर यहाँ प्राविधिक शिक्षालय, अस्पताल, आइटी पार्क, होटलजस्ता सेवामूलक उद्योग सञ्चालन गर्नुपर्ने उनको सुझाव छ। भृकुटी कागज कारखानाले ओगटेको ठाउँमा अहिले पूरै झाडी भरिएको भन्दै उनले यो ठाउँ फोहर फाल्ने डम्पिङसाइट बनेको बताए।

यो उद्योग सञ्चालनमा हुने बेलासम्म यहाँबाट दैनिक ४२ मेट्रिकटन कागज उत्पादन हुँदै आएको श्रेष्ठको भनाइ छ। "नेपालमा आवश्यक पर्ने सबै खालका कागजको मागको ३५ प्रतिशत हिस्सा यही उद्योगले पूर्ति गर्ने गरेको थियो," उनले भने, "हाम्रो उद्योगले उत्पादन गरेको पल्प (पैसा बनाउन प्रयोग हुने कागज) जापानमा समेत निर्यात हुँदै आएको थियो।" श्रेष्ठका अनुसार भृकुटी कागज कारखानाले वार्षिक पाँच सय टन पल्प जापान निर्यात गर्दै आएको थियो।

कारखाना सञ्चालन भइरहेको अवस्थामा विभिन्न कारण देखाउँदै व्यवस्थापन पक्षले विसं २०६७ फागुनदेखि उत्पादन बन्द गरेको श्रेष्ठले बताए। "उद्योगको व्यवस्थापन र कर्मचारीबीच सम्झौता भएर विसं २०६९ पुस २१ देखि उद्योग पूर्णरूपमा बन्द भयो," उनले भने, "उद्योग पूर्णरूपमा बन्द भएपछि विभिन्न राजनीतिक दल, अर्थमन्त्री, उद्योगमन्त्रीलगायतका व्यक्तिले उद्योग सञ्चालन गर्ने आश्वासन दिए पनि आजसम्म पूरा हुन सकेन।" नेपाललाई कागजमा आत्मनिर्भर बनाउने उद्देश्यसहित चीन सरकारले विसं २०३९ मा भृकुटी कागज कारखाना स्थापनाको काम थालेको थियो।

विसं २०४३ मा उद्योगले उत्पादन गर्न शुरू गरेपछि चीनले विसं २०४४ मा यस उद्योग नेपाल सरकारलाई हस्तान्तरण गरेको श्रेष्ठले बताए। सरकारले केही वर्ष कारखाना सञ्चालन गर्दा निरन्तर घाटामा गएको भन्दै विसं २०४९ मा निजीकरण गरिएको थियो। सरकारले विसं २०४९ पुस २० गते भृकुटी कागज कारखाना गोल्छा अर्गनाइजेशनलाई बिक्री गरेको थियो।

सरकारले उद्योग बिक्री गर्दा उद्योग, आवाससहित भृकुटीको नाममा करीब ६० बिघा जमीन रहेको उनले बताए।

**सङ्घमा ...**

विभागले जनाएको छ। यातायात व्यवस्था विभागले पटकपटक निर्माण व्यवसायीलाई समेत बैठक बोलाएर र सार्वजनिक सूचनामार्फत सङ्घबाटै अनुमति लिन भनेको छ।

खासगरी सङ्घीय सरकारले एउटा प्रदेशबाट अर्को प्रदेशसम्म (अन्तर प्रदेश) चल्ने सवारीसाधनको रूट अनुमति दिने व्यवस्था रहेको पाइन्छ। यातायात कार्यालयले गर्दै आएको काम नछाडेको र व्यवसायी पनि सेवा लिन गएको उनले बताए।

प्रदेशले पनि आफैं गर्न चाहेकाले केन्द्रलाई नदिएको प्रमुख भुसालले बताए। प्रदेश सरकारको राजस्वको मुख्य स्रोत यातायात हो। त्यसैले पनि प्रदेश सरकारले सबै सवारीसाधनको राजस्व प्रदेश सरकारले उठाउन पाउनुपर्ने भन्दै आएका छन्। अन्तरप्रदेशमा चल्ने सवारीसाधन पनि प्रदेशले नै उठाएर अघि बढौं भन्ने कुरा आएको उनले बताए। सङ्घीय सरकारले एकातिर अनुसूचीमा छुट्याएको जिम्मेवारी भएको र अन्तर प्रदेशमा एकभन्दा बढी प्रदेश हुँदा कसले गर्ने भन्ने हुने भएकाले आफैंले गर्नुपर्ने बताएको छ।

अझै पनि कतिपय कुरामा सङ्घ र प्रदेशको यो काम यो निकायले गर्ने भनी स्पष्ट नछुटिएकाले कसले गर्ने भनी समयसमयमा अन्योलता हुने उनले बताए। अहिले पनि रूट अनुमति लिन आउने ट्रक, बसलाई अनुमति दिने गरिएको केन्द्रले जनाएको छ। टेकुस्थित कार्यालय मात्रै नभएर देशभरका अरू कार्यालयमा पनि आउने सेवाग्राहीलाई सेवा दिइएको उनले बताए। उनले भने, "सङ्घले नै अनुमति दिने भनेर तोकिएपछि शतप्रतिशत यहाँ आउनुपर्ने हो, तर अहिले पनि ३० देखि ४० प्रतिशत मात्रै आउने गरेका छन्।"

अहिलेसम्म सबै प्रदेशमा केन्द्रको कार्यालय नभएकाले पनि सेवाग्राही प्रदेश अन्तर्गतका कार्यालयबाट सेवा लिएको हुन सक्ने उनले बताए। अहिलेसम्म कोशी, बाग्मती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा केन्द्रको कार्यालय भएपनि अरू तीन प्रदेशमा छैनन्। आफूहरूले कार्यालय भएका ठाउँमा केन्द्रबाट नै रूट लिने गरिएको निर्माण व्यवसायीले बताउँदै आएका छन्। केन्द्रको कार्यालय नहुँदासम्म यहाँसम्म गर्नु भनेर सङ्घीय सरकार आफैंले तोकिएको प्रमुख भुसालले बताए। उनले भने, "व्यवसायीले राजस्व बुझाउनुपर्दा सङ्घ वा प्रदेश जहाँ बुझाउँदा पनि एउटै हो, फरक पर्दैन।"

एउटै स्थानीय तहभित्र चल्ने सवारीसाधनको व्यवस्थापन स्थानीय तहले, अन्तर स्थानीय तहको प्रदेश सरकारले र अन्तर प्रदेश (लामा दूरी) का सवारीसाधनको व्यवस्थापनको जिम्मेवारी सङ्घीय सरकारको रहेको छ।

**शब्दहरूमा ...**

समालोचनाले अश्कको कथाकारितालाई चिनाउन एक कोणबाट निकै सहयोग गर्ने देखिन्छ। रमेश गोर्खालीले प्रेमान्तर महाकाव्यमा गोपाल अश्कको समुद्देश्य शीर्षकमा प्रेमान्तर महाकाव्यको उद्देश्यबारे प्रकाश पारेका छन्। यसै गरी प्राडा हेमनाथ पौडेलले भोजपुरी साहित्यमा नयाँ उपलब्धि आधुनिक भोजपुरी समालोचना शीर्षकमा, प्राडा लक्ष्मणप्रसाद गौतमले प्रेमान्तरमा विम्बविधान शीर्षकमा, प्राडा कपिल लामिछानेले गोपाल अश्कको आजको लक्ष्मण लघुकथा शीर्षकमा, डा घनश्याम न्यौपाने परिश्रमीले गोपाल अश्कका गजलमा प्रयुक्त शास्त्रीय बहरहरूको निरूपण शीर्षकमा 'अश्क'का कृतिहरूको मूल्याङ्कन गरेका छन्। यसैगरी डा गीता त्रिपाठीले गोपाल अश्कका निदाउन नसकेका रातहरू शीर्षकमा, ज्ञानु अधिकारीले लघुकथा : प्रक्रिया र पाठमा विधाचेतना शीर्षकमा, धीरकुमार श्रेष्ठले कालो गुलाफको विम्ब शीर्षकमा तथा नवराज रिजालले भाउजूको पसल कथा र कथाकारको अभिव्यञ्जना शीर्षकमा 'अश्क'को रचनाधर्मिताबारे चित्रण गरेका छन्।

कृतिको सातौं खण्ड रहेको छ – भोजपुरी भाषा र साहित्यमा गोपाल अश्क। यसमा गोपाल अश्कले भोजपुरी भाषा र साहित्यमा दिएको योगदानको विस्तारपूर्वक चर्चा गरिएको छ। डा. ब्रजभूषण मिश्रले महाकवि गोपाल अश्क आ उनकर प्रबन्धकाव्य शीर्षकमा 'अश्क'को खण्डकाव्य र खण्डकाव्यकारिताबारे विश्लेषण गरेका छन्। स्व. पं.दीपनारायण मिश्रले धँधोर : नेपाल में भोजपुरीके पहिलका महाकाव्य शीर्षकमा चर्चा गरेका छन्। स्व. पाण्डेय कपिलले लेखेको आमुख नइहरके चुनरीके चर्चा गरेका छन् भने डा हरीश हिमकरले अनुभूति दंशपर बतिआत गजल शीर्षकमा सामान्य चर्चा गरेका छन्। प्रो.डा. जयकान्त सिंह 'जय'ले गोपाल अश्क आ भोजपुरी शीर्षकमा, डा गोपाल ठाकुरले धँधोर : प्रगतिशील चिन्तन में महाकवि अश्क शीर्षकमा तथा दिनेश गुप्ताले एगो असाधारण प्रतिभा गोपाल अश्क शीर्षकमा 'अश्क'को मूल्याङ्कन गरेका छन्। भोजुरी भाषा र साहित्यको उन्नयनमा अश्कले खेलेको भूमिकाको सही मूल्याङ्कन यस खण्डमा गरिएको छ।

आठौं खण्ड 'हिन्दी साहित्यमा गोपाल अश्क' रहेको छ। यस खण्डमा प्रा. डा. केशवप्रसाद उपाध्यायले पर्वतों की ओट में गोपाल अश्क शीर्षकमा 'अश्क'को गीत गजलको प्रशंसा गरेका छन्। 'अश्क'को 'मानिनी' कविता सङ्ग्रहबारे टिप्पणी गर्दै डा. ध्रुवचन्द्र गौतम गोपाल अश्ककी मानिनी शीर्षकमा तथा डा. रामदयाल राकेशले गोपाल अश्क और उनका आग का मौसम कविता सङ्ग्रहबारे राम्ररी चर्चा गरेका छन्। प्राडा उषा ठाकुरले गोपाल अश्क की रूबाइयाँ शीर्षकमा, डा ब्रजभूषण मिश्रले श्री गोपाल अश्क : भोजपुरीको समर्पित व्यक्तित्व शीर्षकमा, डा. सनतकुमार बस्तीले अधरों के खिलाफ में गोपाल अश्क शीर्षकमा, डा संजीता वर्माले मेरी नजर में मेरे दोस्त अश्क शीर्षकमा, डा. श्वेता दीप्तिले अश्क को जितना मैने जाना शीर्षकमा, तथा विनोदकुमार विश्वकर्माले गोपाल अश्क : व्यक्तित्व और कृतित्व शीर्षकमा विभिन्न कोणबाट 'अश्क'को हिन्दी साहित्यमा योगदानबारे विश्लेषण गरेका छन्। यसैगरी डा. ऐनुल बरैलबीले साहित्यकाश के चमकते सितारे – गोपाल अश्क शीर्षकमा, कुमार सच्चिदानन्दले जीवन के गहरे रंग की गजलें शीर्षकमा, सीताराम प्रकाशले अश्क भोजपुरी के गौरव मधेस के सपूत शीर्षकमा तथा विधान आचार्यले नेपाली और हिन्दी साहित्य के सेतु के रूप में भानुभक्त की कवितायें शीर्षकमा 'अश्क'ले हिन्दी साहित्यमा पुऱ्याएको योगदानको समीक्षा गरेका छन्। यसरी यो खण्डमा 'अश्क'ले हिन्दी साहित्यमा खर्चेको युगको विश्लेषण गरिएको छ।

ग्रन्थको अन्त्यमा साहित्यकार गोपाल 'अश्क'का विभिन्न विशिष्ट व्यक्तित्वहरूसितका फोटाहरू, 'अश्क'ले प्राप्त गरेका सम्मानपत्र तथा प्रशंसापत्रका फोटाहरू, 'अश्क'का विभिन्न कृतिका कभरपृष्ठका तस्वीरहरू राखिएका छन्।

समग्रमा नेपाली, हिन्दी तथा भोजपुरी भाषाका चर्चित साहित्यकार गोपाल 'अश्क'को व्यक्तित्व, कृतित्व तथा भाषिक योगदानको उच्च मूल्याङ्कन गर्ने कृतिको रूपमा यस कृतिलाई लिन सकिन्छ। यसले नेपाली साहित्य, हिन्दी साहित्य तथा भोजपुरी साहित्य जान्न चाहनेहरूका लागि पनि विभिन्न आयाममा सन्दर्भ ग्रन्थको काम गर्ने विश्वास लिन सकिन्छ। गोपाल 'अश्क'को समग्र मूल्याङ्कन गर्ने यस कृतिको प्रकाशन २०७९ मा भएको छ, जसको मूल्य १५०० रुपियाँ तोकिएको छ। कृति करीब साढे चार सय पृष्ठको रहेको छ।

# पप्पु कन्स्ट्रक्सनले हिसाब दिन मानेन –उजूरीकर्ता

# कसैको भुक्तानी बाँकी छैन –सञ्चालक रौनियार

प्रस, वीरगंज, २६ साउन/

पप्पु कन्स्ट्रक्सनले पुल र सडक निर्माणको क्रममा उधारो लिएका निर्माण सामग्रीको भुक्तानी नगरेको भनेर १८ जनाले प्रहरी, प्रशासनमा उजूरी गरेको शुक्रवार पत्रकार सम्मेलन गरी जानकारी गराएका छन् ।



पत्रकार सम्मेलनमा पप्पुका पीडितहरू ।

पप्पु कन्स्ट्रक्सनविरुद्ध आज नेपाल पत्रकार महासङ्घ पर्साको सभाहलमा पत्रकार सम्मेलन गरी १८ जनाले २०७८ असोज ६ गतेदेखि पप्पुको ठेकेदारीमा निर्माण भइरहेका पुल र सडकको काममा बालुवा, छरी २०७९ कात्तिक २४ गतेसम्म सप्लाई गरेको र सोको हिसाबकिताब गर्न २०८० जेठ १७ गते जाँदा पप्पु कन्स्ट्रक्सनका सञ्चालकसहित जिम्मेवार व्यक्तिहरूले हिसाब दिन नमानेको र उल्टो धम्क्याएर पठाएको आरोप लगाए ।

१८ जना ठेकेदारमध्ये कम्तीमा ५० हजारदेखि बढीमा साढे सात लाख रुपैयाँसम्म बक्यौता रहेको उनीहरूले बताए । पप्पु कन्स्ट्रक्सनका हरिनारायण रौनियार, सुमित रौनियार, मुन्सी राजेन्द्र महतो, लेखापाल सुशील ठाकुर र कारिन्दा शुभनारायण हजामविरुद्ध जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उजूरी दिएका छन् । उजूरीकर्ताहरूले पप्पुले काम गराएको तर भुक्तानीका लागि जाँदा मानिसहरू लगाएर बक्यौता छैन, जहाँ खोज्छस् खोज, यहाँबाट जा भनेर कुटपिटसमेत गर्ने प्रयास भएको आरोप लगाएका छन् ।

यसबारेमा पप्पु कन्स्ट्रक्सनका सञ्चालक सुमित रौनियारसँग बुझ्दा उनले आफूहरूमाथि गलत आरोप लगाएर बदनाम गर्न खोजिएको बताए ।

सञ्चालक रौनियारले जिल्ला प्रहरी कार्यालयमा यसबारेमा छलफल हुँदा निजहरूसँग हिसाब माग गरिएको तर बक्यौताको कुनै भरपाई पेश नगरेको बताए । उनले उजूरीकर्ता १८ जनालाई राधा ठाकुर लोहार भन्ने व्यक्तिले सिर्जना गरेको र निज लोहारविरुद्ध आफूले पर्सा जिल्ला अदालतमा ठगी मुद्दा दायर गरेको बताए ।

लोहारले आफूसँग काम गरेबापत रु २५ लाख भुक्तानी बुझेर लगेको बिल भरपाई भएको र अहिले १७ जना गलत व्यक्ति खडा गरेर बदनाम मात्र गर्ने कार्य भएको बताएका छन् । बक्यौता रहेका व्यक्तिको हिसाब दिन आफू तयार रहेको तर उजूरी गरेर मात्र बदनाम गर्न खोजिएको उनले बताए ।

# सालको चिरान काठ, जीपसहित चालक पक्राउ

प्रस, निजगढ, २६ साउन/

निजगढ नगरपालिका–१ सिगौलबाट ३९ थान अवैध चिरान काठ लोड गरी रौतहटको डुमरिया लैजाने क्रममा कोल्हवी नपास्थित अस्थायी प्रहरी चौकी झुरझुरका इन्चार्ज एवं प्रहरी सहायक निरीक्षक मोहमद राहत हुसेन गद्दीको कमान्डमा खटिएका प्रहरी टोलीले चेकजाँचको क्रममा चालक, जीपसहित काठ पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा रौतहट वृन्दावन नगरपालिका–८ का २४ वर्षीय अशोक राय यादव रहेको इलाका प्रहरी कार्यालय, कोल्हवीले जनाएको छ ।

ना.२च ९५७४ नम्बरको टाटा जीपमा अवैध काठ राखी बारा निजगढ नगरपालिका–१ सिगौल बजार क्षेत्रबाट करीब ५ सय मिटर दक्षिण कल्भर्टबाट तीनजना सवारमध्ये एउटामा चढेर फरार भएको चालक यादवले बताए ।

रौतहट जाने छोटो नाका रौतहटको धन्सार–जङ्गलसैया नाकालाई सशस्त्र वन रक्षकको रात्रि गस्ती टोलीले कडाइका साथ निगरानी बढाएसँगै कोल्हवीको नाका हुँदै चोर तस्करले सो काठ रौतहटको डुमरिया पुऱ्याउने प्रयासलाई प्रहरीले असफल बनाउन सफल भएको इलाका प्रहरी कार्यालय, कोल्हवीका प्रमुख एंव प्रहरी निरीक्षक भोलामान सिंह अधिकारीले बताए ।

पक्राउ परेका अभियुक्त चालक यादवलाई सोधपूछ गरी अन्य फरार व्यक्तिहरूको पहिचान गरी पक्राउ गरिने डिभिजन वन कार्यालय, बाराका प्रवक्ता जवाहरलालप्रसाद कुर्मीले बताए । सो



बरामद सालको काठ । तस्वीरः प्रतीक

पूर्वतर्फ धन्सार खोला किनारमा थुपारी राखेको सो सालको चिरान काठ फेन्टा लोड गरेको चालक यादवले बताए ।

आफूलाई कटहरिया नगरपालिका, रौतहटका रामकिशोर यादवले सिंगौलबाट माछाको भुरा लिएर आउन भन्दै जीप ल्याउन भनेको र उनले योजनाबद्धरूपमा जबरजस्ती काठ लोड गरी रामकिशोर पनि आफूसँगै जीपमा बसेर आइरहेका बेला सो सालको चिरान काठ लोड जीप शुक्रवार राति करीब १२:३० बजे प्रहरीले कोल्हवीको झुरझुर नाकामा चेकजाँच गर्ने क्रममा उनी बाहिर निस्की जीपलाई स्कटिङ गर्दै अगाडि बढाएका दुईवटा मोटरसाइकलमा काठ लगभग ५५ क्युफिट रहेको र हालको बजार मूल्य अनुसार तीन लाखभन्दा बढी रहेको वन कार्यालयले जनाएको छ ।

सिगौल–निजगढ कालोपत्रे सडक भई राजमार्गमा रहेको निजगढ सबडिभिजन वन कार्यालय भमरा, इलाका प्रहरी कार्यालय निजगढ, सशस्त्र प्रहरी सुरक्षा बेस निजगढ, जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ, तामागढी सबडिभिजन वन कार्यालय निजगढ नाका सहजै पार गरी तामागढी हुँदै कोल्हवी नाका भएर रौतहट लैजाने योजनाका साथ काठ चोर तस्कर बेलाबखत सक्रिय हुँदै आइरहेको घटनाहरूले पुष्टि गर्दै आएका छन् ।

# नेपाल काङ्ग्रेसद्वारा मुख्यमन्त्रीको ध्यानाकर्षण

प्रस, वीरगंज, २६ साउन/

मधेस प्रदेशमा स्वास्थ्यसम्बन्धी समस्या तथा उपचारबारे नेपाली काङ्ग्रेस मधेस प्रदेश स्वास्थ्य विभागले शुक्रवार मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको ध्यानाकर्षण गराएको छ ।



मुख्यमन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाउँदै ।

विश्व स्वास्थ्य सङ्गठनद्वारा प्रकाशित दक्षिण–पूर्व एशिया क्षेत्रमा स्वास्थ्यमा पहुँच र स्वास्थ्यसम्बन्धी दिगो विकास लक्ष्यको प्रगतिसम्बन्धी प्रतिवेदन–२०२१ ले नेपालमा स्वास्थ्य खर्चका कारण प्रत्येक वर्ष ३० लाख मानिसले आर्थिक कठिनाइ भोग्नुपरेको तथ्य सार्वजनिक गरेको छ ।

अहिले मधेस प्रदेशमा स्वास्थ्योपचार गराउन विपन्न तथा मध्यम वर्गका परिवारलाई धेरै कठिनाइ देखिएको छ । सर्वेक्षण २०७५ ले श्रमिकको मासिक औसत आम्दानी रु १७ हजार आठ सय उल्लेख गरेको छ । यति रकम कमाउने वर्गलाई क्यान्सर, मिर्गौला, मुटु, फोक्सो, मस्तिष्क जस्ता अङ्गमा रोग लाग्यो भने उपचार गराउने कुरा कल्पनाबाहिर हुन्छ, ध्यानाकर्षणपत्रमा भनिएको छ । मधेस प्रदेशमा मजदूरी गरेर जीविकोपार्जन गरिरहेको आम मानिसको लागि कडा प्रकृतिको रोगको उपचार असम्भव भएको अवस्थामा मधेस प्रदेशले यस्ता प्रकारका रोगको उपचारको लागि सङ्घ र अन्य प्रदेश सरकारले व्यवस्था गरेभन्दा थप आर्थिक सुविधा उपलब्ध गराइ सहज उपचार गराउन कानूनी व्यवस्था मिलाउनका लागि नेका मधेस प्रदेशले मुख्यमन्त्रीसँग माग गरेको छ ।

त्यस्तै, सरकारले मिर्गौलासहित क्यान्सर, अल्जाइमरलगायत आठवटा कडा रोग भएका नागरिक, जनआन्दोलनका घाइते, शहीद परिवारलाई उपचारमा सहुलियत दिने गरे तापनि प्रशासनिक झन्झटका कारण सबै बिरामीले सरकारी सहुलियत सहजरूपमा पाएका छैनन् । नागरिकहरूले भोग्दै आएका कठिनाइलाई मध्यनजर गरी उपचारसम्बन्धी विशेष सहुलियतको कानूनी व्यवस्था कायम गरी सोको यथाशीघ्र कार्यान्वयन गराउन मुख्यमन्त्रीसँग माग गरिएको छ ।

अहिले मधेस प्रदेशमा डेंगु तथा आँखा पाक्ने रोगको प्रकोप बढेको अवस्था छ । यस्ता प्रकारका अल्पकालीनरूपमा देखा पर्ने विभिन्न प्रकारका सरुवा रोगहरू नियन्त्रणका लागि समेत सरकारले ठोस कदम चाल्नुपर्ने ध्यानाकर्षणपत्रमार्फत माग गरिएको छ ।

यसैगरी, मधेस प्रदेशका जिल्लाहरूलाई लक्षित गरी सुविधासम्पन्न स्त्री तथा प्रसूति अस्पतालको स्थापना गरिनुपर्ने, सडक दुर्घटनाका घाइतेलाई प्राथमिकतामा राख्दै सुविधासम्पन्न ट्रमा सेन्टरको स्थापना हुनुपर्ने तथा सर्पदंशबाट पीडित नागरिकका लागि भेन्टिलेटरसहितको सर्पदंश अस्पतालको स्थापना गरे मधेस प्रदेशले परिकल्पना गरेको स्वास्थ्य सेवा विस्तारका योजनालाई उचित न्याय हुने ध्यानाकर्षणपत्रमा विश्वास गरिएको छ ।

स्वास्थ्य विभागकी प्रमुख शर्मिला थापाले मधेस प्रदेशका मुख्य सचिव सन्तुप्रसाद यादवको रोहबरमा मुख्यमन्त्री यादवलाई ध्यानाकर्षणपत्र बुझाएको नेपाली काङ्ग्रेस मधेस प्रदेश सूचना, सञ्चार तथा प्रचारप्रसार विभागका प्रमुख नितेश गुप्ताले बताए ।

**पर्सा नेकामा ...**

इम्तियाज आलमले आगामी दिनमा नेका पार्टीलाई एक ढिका बनाएर लैजानुपर्ने बताए । उनले नेका गुट–उपगुटका कारण कमजोर हुँदै गएको भन्दै सबैलाई एक भएर अगाडि बढेको खण्डमा नेका पुरानो स्वरूपमा बलियो पार्टी हुने दाबी गरे । उनले आगामी चुनावमा महानगरमा बहुमतका साथ नेकाले जित्ने दाबी गरे ।

बैठक नेका पर्सा क्षेत्र नं १ का कार्यवाहक अध्यक्ष अनिलप्रसाद सिंहको अध्यक्षतामा बसेको थियो भने केन्द्रीय सदस्य किरण सरकार, नेका पर्साका नेता श्याम पोखरेल, लक्ष्मीनाथ नेपाल, प्रकाश उपाध्याय, रम्भा मिश्र, धर्मराज यादवलगायतको सहभागिता थियो ।


## भूक्षय न्यूनीकरणका उपाय अपनाऔं

- बस्तीको माथिल्लो भागमा कुलो बनाइ पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमीन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमीन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

**भूक्षयबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड







# ज्ञानदाले हजुरबा र आमालाई सम्झयो

प्रस, वीरगंज, २६ साउन/

ज्ञानदा एकेडेमीले शुक्रवार हजुरबुबा र हजुरआमा दिवस कार्यक्रम आयोजना गरी मनाएको छ ।



विद्यालयमा अध्ययनरत बालबालिकाका हजुरआमा, हजुरबुबालाई आमन्त्रित गरेर खादा, टीका लगाइ सम्मान गरिएको थियो ।

सो अवसरमा विद्यालयका कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले हाम्रो जीवनमा हजुरबा र आमाले खेल्ने महत्त्वपूर्ण भूमिकालाई चिन्न र त्यसलाई कदर गर्दै मनाउने अवसर भएको बताए । प्रत्येक दिन हजुरबा हजुरआमालाई सम्मान गर्दा, उनीहरूले ल्याएका सबै आनन्द र बुद्धिको कदर गर्न, उनीहरूसँग बिताएका क्षणहरूको कदर गर्न र जीवनभरका सम्झनाहरू सिर्जना गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्ने बताए ।

उनले हजुरबा, हजुरआमा र नातिनातिनाबीचको गहिरो सम्बन्ध देखाउनको लागि आज पर्वका रूपमा मनाइएको प्रस्टचाए । यो सामाजिक संस्कार हो र मानिस संस्कारी भएपछि मात्र प्रगतिपथमा अगाडि बढ्न सकिन्छ भन्ने मान्यतालाई जीवन्तता दिन कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रममा हजुरबा, आमाहरूलाई नातिनातिनाले नृत्य, विभिन्न मनोरञ्जनात्मक खेलहरू, कवितावाचन, नाटकहरू प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरेका थिए । कार्यक्रमको सहजीकरण शिक्षिकाद्वय अस्मिता नेपाल र मधुलिका झाले गरेका थिए ।